# जिल्ला अस्पताल, सङ्खुवासभाको

# मुहार पुस्तिका

## वार्षिक प्रतिवेदन, २०७९/०८०



प्रकाशक : जिल्ला अस्पताल, संखुवासभा

फोन नं. : ०२९५६२१८७, ५६२१८८

Email : sankhuwasabha.hosp@gmail.com

Website: sankhuwasabhahospital.gov.np

प्रकाशित प्रति : २००

मुद्रण : अरुण प्रेस, खाँदबारी (०२९५९०९००)

# अस्पताल व्यवस्थापन समिति



**अध्यक्ष**
**सुमन शाक्य**



सदस्य
**महेश थपलिया**



सदस्य
**प्रमुख जिल्ला अधिकारी**



सदस्य
**जिल्ला प्रहरी प्रमुख**



सदस्य
**स्वास्थ्य कार्यालय प्रमुख**



सदस्य
**सरोज बज्राचार्य**



सदस्य
**कृष्ण भगत् प्रधान**



सदस्य
**सुमन श्रेष्ठ**



सदस्य
**सिता शाक्य**



सदस्य
**सिता घिमिरे**



सदस्य
**नेत्र प्रसाद रेग्मी**



सदस्य
**लोक बहादुर बस्नेत**



सदस्य सचिव
**प्रनाम जैयरु**

# सम्पादकीय

हामीले अर्को एक वर्ष अर्थात् आ. ब २०७९/८० को समर्पित सेवा र अटल प्रतिबद्धतालाई प्रतिबिम्वित गर्दै जिल्ला अस्पताल, संखुवासभाको वार्षिक प्रतिवेदन प्रस्तुत गर्दैछौं । यस प्रतिवेदनले हाम्रा उपलब्धिहरू, चुनौतीहरू र संखुवासभा जिल्लाका बासिन्दाहरूलाई गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने हाम्रो मिशनको अथक प्रयासलाई उद्रित्त गर्दै वर्षभरिको हाम्रो यात्रालाई समेटेको छ।

वि.स. २०३३ सालमा स्थापित हाम्रो यस जिल्ला अस्पतालले हरेक वर्ष करिब ५३,००० बिरामीलाई विशेषज्ञ सेवा प्रदान गर्दै आएको छ जसमा सामान्य शल्यक्रिया, अर्थोपेडिक्स, एनेस्थेसिया, बाल रोग, दन्त रोग र फिजियोथेरापी जस्ता क्षेत्रहरू रहेका छन।

हाम्रा सेवाहरूमा बाहिरङ्ग सेवाहरु, अन्तरंग सेवाहरु, आपतकालीन सेवाहरू, सर्जिकल सेवा, ICU, HDU, मातृत्व र बाल स्वास्थ्य (MCH) सेवाहरू, रेडियोलोजी, दन्त उपचार, फिजियोथेरापी, र पूर्ण रूपमा सुसज्जित फार्मेसी समावेश छन्। यसले हामीलाई व्यापक दृष्टिकोणले हाम्रा बिरामीहरूको विविध स्वास्थ्य सेवा आवश्यकताहरूलाई सम्बोधन गर्न र समग्र कल्याणलाई प्रवर्द्धन गर्न अनुमति दिन्छ।

यस वर्षको वार्षिक प्रतिवेदनमा, हामीले प्रत्येक विभागको लागि ग्राफिकल तथ्याङ्कहरु समावेश गरेका छौं जसले हाम्रो कार्यसम्पादन, सेवाको उपयोग, र बिरामीको नतिजाको स्पष्ट चित्रण गर्दछ। यी तथ्यांकहरुले हाम्रा स्वास्थ्यकर्मीहरूको समर्पण, हाम्रो स्वास्थ्य सेवा वितरणको दक्षता, र हामीले सेवा गर्ने मानिसहरूको स्वास्थ्य र जीवनमा पार्ने प्रभावलाई समेट्छ।

हाम्रो यात्रा चुनौतीरहित छैन भन्ने कुरामा हामी पूर्ण रूपमा सचेत छौं। भौगोलिक अवस्थिति, स्रोत अवरोधहरू, र बाहृय कारकहरूले निरन्तर अवरोधहरू प्रस्तुत गर्दै आइरहेका छन। तैपनि, हामी हाम्रो क्षितिजलाई अनुकूलन, नवीनता र विस्तार गर्न प्रतिबद्ध रहन्छौं। गुणस्तरीय स्वास्थ्य सेवा सबैका लागि पहुँचयोग्य बनाउने हाम्रो लक्ष्य अटल छ।

हामीले अर्को वर्षको सुरुवात गर्दा, हामी हाम्रा सेवाहरू विस्तार गर्ने, पूर्वाधारमा सुधार गर्ने र बिरामी-केन्द्रित हेरचाहको संस्कृतिलाई बढावा दिने हाम्रो संकल्पमा दृढ छौं। हामी हाम्रो समर्पित टोली, सहयोगी साझेदारहरू, नेपाल सरकार र सबैभन्दा महत्त्वपूर्ण हाम्रो समुदायलाई हृदयदेखि कृतज्ञता व्यक्त गर्दछौं। तपाईंको विश्वासले संखुवासभा जिल्लाको स्वास्थ्य सेवाको आवश्यकतालाई करुणा र उत्कृष्टताका साथ सेवा गर्ने हाम्रो प्रतिबद्धतालाई बलियो बनाउँछ।

हामी मिलेर संखुवासभाको स्वस्थ्य र बलियो भविष्य निर्माण गर्न जारी राख्नेछौं। स्वास्थ्य र उपचारको यो यात्रामा हामीसँग सामेल हुनुभएकोमा धन्यवाद ।

# जिल्ला समन्वय समिति

## खाँदबारी, सङ्खुवासभा

कोशी प्रदेश, नेपाल ।

पत्र सङ्ख्या: २०८०/८१

चलानी नं. ८५

मिति:



## शुभकामना

जिल्ला अस्पताल सङखुवासभाले आ.ब. ०७९/०८० मा आफुले सम्पादन तथा कार्यान्वयन गरेका सम्पुर्ण गतिविधिहरु समेटेर सबैमा जानकारी हुनेगरी चिनारी पुस्तक प्रकाशन गर्ने गरेकोमा अस्पताल परीवारलाई धन्यवाद दिन चाहन्छु ।

हाम्रो संविधानले स्वास्थ्यलाई संघ, प्रदेश र स्थानिय तीन तहकै सरकारको अधिकार र दायित्व भित्र राखेको छ । आधारभुत स्वास्थ्य मुलत स्थानिय तहकै हो, भौगोलीकि र आर्थिक अवस्थाका कारण विशेषज्ञ सेवा सहितको अस्पताल हाम्रो जस्तो जिल्लाको प्रत्येक पालिकाहरुमा व्यवस्था गर्न सम्भव छैन । यसर्थ प्रदेश अन्तरगत रहेको जिल्ला अस्पताललाई नै हालको विशेषज्ञ सेवालाई निरन्तरता दिदै थप विशेषज्ञ सेवा सहितको सेवा प्रवाह दिन सक्ने अस्पतालमा बिकास गर्नु आजको आवस्यकाता हो । तिनै सरकारहरुको आपसी समन्वय, सहकार्य र सहयोग, अस्पताल सन्चालन तथा व्यावस्थापन समिति, अस्पताल परीवार, जिल्लाका राजनैतिक दलहरु, नागरीक समाज, पत्रकारहरुको साझा सहकार्य र सहयोगले मात्र यो सम्भव हुन्छ । यसर्थ जिल्ला समन्वय समिति सङखुवासभाको प्रमुख र अस्पताल सन्चालन तथा व्यवस्थापन समितिको हैसियतले सरोकारवाला सबैमा यो अपेक्षा सहित अनुरोध गर्दछु ।

अन्त्यमा पुस्तक प्रकासन गर्ने महत्वपूर्ण कार्यको लागी सबैमा धन्यवाद व्यक्त गर्दछु ।

मिति २०८०/०७ /१७

सुमन शाक्य

**सुमन शाक्य**
(प्रमुख)
जिल्ला समन्वय समिति, सङ्खुवासभा

नेपाल सरकार

# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

(..........................................................................................शाखा)

फोन नं. ४२६२५९०, ४२६२८०२, ४२६२७०६, ४२६२९३५, ४२६२८६२, ४२२३५८०

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय रामशाहपथ, काठमाडौं

प्राप्त पत्र संख्या :-

पत्र संख्या :-

चलानी नं. :-

रामशाहपथ,
काठमाडौं, नेपाल ।

मिति : ...........................

**विषय :-** शुभकामना

जिल्ला अस्पताल सङखुवासभाले अस्पतालको उपलब्धी, विकास र स्वास्थ्य सेवामा आफुले गरेका योगदानहरुलाई समेटेर नागरिकलाई उच्च र गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न गरेको अथक प्रयासहरुको महत्वपुर्ण दस्तावेजको रुपमा वार्षिक प्रतिवेदन प्रकाशित गर्न लागेकोमा अस्पतालका सम्पुर्ण परिवारलाई हार्दिक वधाई ज्ञापन गर्न चाहान्छु। नेपाल सरकारको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको स्वास्थ्य सचिवको हैसियतले यस विस्तृत दस्तावेजमा देखाईएका उत्कृष्ट प्रगति र समर्पण प्रति खुशी व्यक्त गर्दछु।

वार्षिक प्रतिवेदन जिल्ला अस्पताल सङखुवासभाका असाधारण चुनौतिहरुलाई पार गर्दै नागरिकहरुको गुणस्तरीय तथा अत्यावश्यक स्वास्थ्य सेवाका लागि कर्मचारीहरुले देखाएको अथक प्रयास र प्रतिबद्दताको प्रतिकको रुपमा रहेको छ ।यसले प्रभावकारी उपलब्धि हासिल गरी नागरिकहरुको स्वास्थ्य र कल्याणमा गरेको सकारात्मक प्रभावलाई हाईलाईट गर्दछ ।हिमाली जिल्लामा रहेको यस अस्पतालबाट अन्य अस्पतालहरुले अनुशरण गर्न आवश्यक हाडजोर्नी तथा नशारोग सम्बन्धि सेवा सहित विशेषज्ञ सेवाहरु सर्जरी, इन्डोस्कोपि, ईको, पेन क्लिनिक समेत संचालनमा रहेको हुँदा गौरवान्वित छु। स्वास्थ्य सेवाको पहुँच, गुणस्तर र समता बृद्दि गर्न जिल्ला अस्पतालको अटल समर्पणको लागि सम्मान व्यक्त गर्न चाहान्छु। अस्पतालमा नवीन कार्यक्रमहरुमा उल्लेखनिय उपलब्धीका लागि सिङ्गो अस्पताल परिवारको सफलता सम्मानयोग्य छ र यसले अस्पतालको सफलतामा निसन्देह महत्वपुर्ण भुमिका खेलेको छ। नागरिकको स्वास्थ्य सुरक्षा सुनिश्चित गर्न अहोरात्र परिश्रम गर्ने चिकित्सक, नर्स, प्रशासनिक कर्मचारी सहित सबै स्वास्थ्यकर्मीहरु प्रति गहिरो कृतज्ञता व्यक्त गर्न चाहान्छु।

स्वास्थ्य सेवाको सँधै विकसित परिदृश्यमा वार्षिक प्रतिवेदनले विगतका उपलब्धिहरुलाई मात्र प्रतिबिम्बित गर्दैन भविष्यका योजनाहरुका लागि महत्वपुर्ण आधार समेत तयार गरेको हुन्छ। तसर्थ जिल्ला अस्पताल सङखुवासभाले स्वस्थ्य सेवामा नयाँ मापदण्ड कायम गरी उत्कृष्टता हासिल गर्दै जानेछ भन्ने विश्वास लिएको छु। फेरी पनि असाधारण उपलब्धीको लागि बधाई छ। आगामी वर्षहरुमा पनि जिल्ला अस्पताल सङखुवासभाको निरन्तर विकास र समृद्दिको लागि शुभकामना व्यक्त गर्दछु।

भवदिय

देव कुमारी गुरागांई

सचिव

स्वास्थ्य सचिव



कोशी प्रदेश, विराटनगर, नेपाल

# शुभकामना

स्वास्थ्य मन्त्रालय मातहतको जिल्ला अस्पताल, संखुवासभाले गत आर्थिक वर्ष २०७९/०८० मा अस्पतालबाट भए गरेका काम, बजेटको कार्यान्वयन, सेवा प्रवाह लगायतका गतिविधिहरूलाई समावेश गरी ज्ञानमूलक वार्षिक प्रतिवेदन प्रकाशन गर्न लागेको जानकारी पाउँदा खुशी लागेको छ ।

वार्षिक रूपमा तयार गरिने प्रतिवेदनले अस्पतालबाट स्वास्थ्य क्षेत्रमा नियमित रूपमा संचालन गरेका क्रियाकलाप र सो क्षेत्रमा भएको विकास तथा उपलब्धी र भावी कार्ययोजनालाई प्रतिबिम्वित गर्ने गर्छ । नागरिकहरूको स्वास्थ्यमा सुधार गरी त्यस जिल्लामा स्वस्थ नागरिक तयार गर्ने कार्यमा अस्पतालले गरिरहेको सेवा र सो अस्पतालको भूमिका अकुरणीय रहेको छ । स्वास्थ्य मन्त्रालय प्रदेशको गुणस्तरीय स्वास्थ्य सेवाको प्रवर्द्धनका लागि निरन्तर प्रयासरत रहिरहेको छ जुन प्रयासलाई साकार गर्न जिल्ला अस्पताल, संखुवासभाले खेलेको अहम भूमिका प्रति म सम्मान गदर्छु ।

आर्थिक वर्ष २०७९/०८०मा प्रदेशकै उत्कृष्ट जिल्ला अस्पतालको रूपमा स्थापित गराउन तथा नागरिकहरूका लागि राम्रो र गुणस्तरीय सेवा सुनिश्चित गर्न दिनरात नभनी अथक परिश्रम गर्ने लगनशील चिकित्सक, स्वास्थ्यकर्मी तथा अन्य सम्पूर्ण कर्मचारीहरू प्रति हृदय देखि कृतज्ञता व्यक्त गर्दछु । मन्त्रालयले वार्षिक रूपमा विनियोजन भएको बजेट तथा कार्यक्रमको अस्पतालबाट सफल कार्यान्वयन भइरहेको हालको अवस्थालाई आगामी दिनमा समेत अनुकरण गर्दै स्वास्थ्य सेवाको वितरणमा थप नविनता तथा सेवाको गुणस्तरलाई समय सापेक्ष बनाउदै जानेछ भन्ने कुरामा म विश्वस्त छु ।

आगामी दिनहरूमा पनि त्यस संस्थाका तर्फबाट राम्रा र सफल कृयाकलापलाई निरन्तरता दिइरहनुहुनेछ भन्ने विश्वासका साथ संस्थाको उत्तरोत्तर प्रगतिको कामना सहित वार्षिक प्रतिवेदन प्रकाशनको लागि हार्दिक शुभकामना व्यक्त गर्दछु । धन्यवाद।

२०८० साल कार्तिक १५ गते बुधवार ।

प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
कोशी प्रदेश
विराटनगर, नेपाल

सचिव

# मन्तव्य



जिल्ला अस्पताल सङ्खुवासभाले अस्पतालको उपलब्धी, विकास, स्वास्थ्य सेवामा आफुले गरेका उल्लेखनीय योगदान र रणनीतिक कार्ययोजनालाई समेटेर "जिल्ला अस्पताल सङ्खुवासभा मुहार पुस्तिका" प्रकाशन गर्न लागिरहेको सन्दर्भमा आफ्नो मन्तव्य राख्न पाएकोमा मलाई अत्यन्तै गौरवान्वित महशुस भएको छ। यस अवसरका लागि अस्पताल/स्मारिका प्रकाशन तथा सम्पादकीय समिति सम्पूर्णमा धन्यवाद ज्ञापन गर्न चाहन्छु।

नेपालको संविधानमा नागरिकको मौलिक हक अन्तर्गत स्वास्थ्य सम्बन्धी हकको व्यवस्था रहेको छ। संविधानतः राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क रुपमा प्राप्त गर्ने हक अनुसार प्रत्येक नागरिकलाई गुणस्तरिय सेवा प्राप्त गर्नु नागरिकको आधारभूत अधिकारका रुपमा स्थापित भएको छ। स्वास्थ्य सम्बन्धी कानूनी व्यवस्था तथा नागरिकको गुणस्तरिय स्वास्थ्य सेवा प्राप्त गर्ने अधिकार सुनिश्चितताका लागि मुलुकको आवधिक योजना, वार्षिक नीति तथा कार्यक्रम लगायत बजेटमा स्वास्थ्य क्षेत्रलाई प्रमुख स्थान दिईएको छ। यसका लागि नेपाल सरकारका तीन वटै तह संघ, प्रदेश र स्थानीय तहहरुलाई नीतिगत रुपमा जिम्मेवार समेत बनाईएको छ। जस अनुसार यस अस्पतालले हाल विभिन्न प्रकारका स्वास्थ्य सेवाहरु प्रदान गर्दै आईरहेको छ। यस अन्तर्गत २४ सै घण्टा आकस्मिक स्वास्थ्य सेवा, फार्मेसी, प्रयोगशाला, एम्बुलेन्स सेवा, रक्त सञ्चार सेवा (नेपाल रेडक्रस सँगको सहकार्यमा), एक्सरे, अन्तरंग सेवाहरु र क्यान्टिन सेवा प्रदान गर्दै आएको छ। यसका साथै हाडजोर्नी तथा नशारोग सम्बन्धी सेवा, सर्जरी, बाल रोग, प्रसुति, दन्त, फिजियोथेरापी, मातृ शिशु स्वास्थ्य, सुरक्षित गर्भपतन सेवा, ART Clinic, Pain Clinic, OCMC, ईन्डोस्कोपी, ईको, भिडियो एक्सरे, सामाजिक सेवा ईकाइ, पोष्टमार्टम, पोषण तथा खोप कार्यक्रमहरु निरन्तर रुपमा प्रवाह भईरहेको छ। यस अस्पतालबाट आई.सि.यु.\एन.आई.सि.यु.,एच.डि.यु., जनरल सर्जरी सेवा, हाडजोर्नी शल्यक्रिया सेवा लगायत अन्य विशिष्टकृत सेवाहरु समेत प्रवाह भईरहेको छ। नेपाल सरकारबाट तोकिएका निःशुल्क औषधि तथा बीमामा आवद्द बीमित विरामीहरुका लागि

औषधि पुर्ण रुपमा व्यवस्थापन गरिएको छ। वि.सं. २०७४ बाट नेपाल सरकारबाट सञ्चालनमा आएको स्वास्थ्य बीमा कार्यक्रम समेत निरन्तर सञ्चालनमा रहेको छ। यसबाट जिल्ला भित्रका सर्वसाधारण नागरिकहरुले गुणस्तरिय सेवा प्राप्त गरिरहेको अवस्था रहेको छ।

हिमाली जिल्ला सङ्खुवासभाको सदरमुकाम खाँदवारीमा रहेको यस अस्पताल वि.सं. २०३३ सालमा स्थापना भई सङ्खुवासभा लगायत छिमेकी जिल्लाहरु भोजपुर, र धनकुटाका नागरिकहरुलाई समेत निरन्तर स्वास्थ्य सेवा प्रदान गर्दै आईरहेको छ। अस्पतालको सुविधा सम्पन्न नयाँ भवन निर्माण सम्पन्नको चरणमा रहेको र निर्माण सम्पन्न भई सकेपछि अस्पातालबाट प्रदान हुने स्वास्थ्य सेवाहरु गुणस्तरिय, विश्वसनीय र प्रभावकारी रूपमा स्वास्थ्य सेवा प्रवाह गर्न सक्षम हुने कुरामा विश्वस्त हुन सकिने अवस्था रहेको छ। हाल अस्पतालको स्वीकृत दरबन्दी संख्या ५९ रहे पनि १८ जनाको मात्र स्थायी दरबन्दी पदपूर्ति भएको छ। तथापि अस्पताल व्यवस्थापन समिति, प्रदेश करार तथा अन्य गरी कुल जम्मा ११३ जना स्वास्थ्यकर्मीहरु मार्फत सेवा प्रवाह भई रहेको छ। यस मध्ये एम.डि.जि.पी. १ जना, हाडजोर्नी विशेषज्ञ १ जना, जनरल सर्जन ३ जना, मेडिकल अधिकृत ५ जना र दन्त चिकित्सक १ जना गरी जम्मा ११ जना चिकित्सकहरु मार्फत स्वास्थ्य सेवा प्रवाह भईरहेको छ।

अस्पतालले गुणस्तरिय र प्रभावकारी सेवा प्रवाह गर्नका लागि स्वास्थ्यकर्मीहरुको मनोबललाई उच्च बनाउन, स्वास्थ्यकर्मीहरुको स्वास्थ्य बीमा र अन्य प्रोत्साहन भत्ताको व्यवस्था गरेको छ। अस्पतालले स्वास्थ्य सेवा प्रवाहमा थप नवीनता, विश्वसनीय र गुणस्तरिय सेवामा नयाँ मापदण्ड कायम गरी आगामी दिनमा सिटी स्क्यान सेवा, हेमोडाइलाइसिस, ल्याप्रसकोपी सर्जरी, प्रयोगशाला आधुनिकीकरण लगायतका विशेषज्ञ सेवाहरु प्रविधियुक्त बनाई विस्तार गर्ने योजना तय गरेको छ। यसबाट अस्पतालको सेवाको गुणस्तर, निरन्तरता र क्षेत्र विस्तार हुने कुरामा विश्वस्त हुन सकिन्छ।

जिल्ला अस्पताल सङ्खुवासभाको व्यवस्थापन तथा सञ्चालनका लागि सरकारी, गैर सरकारी, निजी क्षेत्र र दातृ निकायको महत्वपूर्ण स्थान रहेको छ। यस अस्पतालको व्यवस्थापनका लागि मूलतः नेपाल सरकार, प्रदेश सरकार, जिल्ला समन्वय समिति, स्वास्थ्य कार्यालय, अस्पताल व्यवस्थापन समिति, खाँदबारी नगरपालिका, अरुण तेस्रो

जल विद्युत आयोजना, निक साइमन इन्ष्टिच्युट लगायत अन्य निकायहरु, सङ्खुवासभा उद्योग वाणिज्य संघ, नेपाल रेडक्रस सोसाइटी, समाजसेवी, पत्रकारहरुको मुख्य भूमिका रहेको छ। आगामी दिनमा समेत अस्पतालको गुणस्तर, विश्वसनियता र निरन्तरताका लागि यहाँहरुको साथ र सहयोग कायम रहनेमा आशा र विश्वासका साथ हार्दिक आभार व्यक्त गर्न चाहन्छु। अन्त्यमा यस अस्पतालका सम्पूर्ण कर्मचारीहरुमा साथ, सहयोग र निरन्तर सेवा प्रवाहका लागि हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु।

Pranam

डा. प्रनाम जयरु
नि. मेडिकल सुपरिटेन्डेन्ट
जिल्ला अस्पताल सङ्खुवासभा

# विषयसूची

परिच्छेदः १ ........ 1

१.१ अस्पतालको पृष्टभूमि ........ 1

१.२ नागरिक वडापत्र ........ 4

१.३ संगठन संरचना ........ 9

१.४ मानव संसाधन ........ 10

परिच्छेदः २ सेवाहरु ........ 13

२.१ बहिरङ्ग सेवा (OPD Service) ........ 13

२.२ बालरोग तथा नवजात शिशू सेवा ........ 18

२.३ हाडजोर्नी तथा नसा सेवा ........ 20

२.४ सामान्य सर्जरी विभाग (General Surgery Department) ........ 22

२.५ एनेस्थेसिया तथा सघन उपचार (ICU) सेवा ........ 28

२.६ दन्तरोग सेवा ........ 31

२.७ आकस्मिक सेवा (Emergency Service) ........ 35

२.८ अन्तरङ्ग सेवा (Inpatient Service) ........ 39

२.९ प्रयोगशाला सेवा ........ 49

२.१० रेडियोलोजी सेवा ........ 56

२.११ फार्मेसी सेवा ........ 59

२.१२ मातृ तथा नवशिशु सेवा ........ 64

२.१२.१ मातृ शिशु स्वास्थ्य क्लिनिक (MCH Clinic) ........ 64

२.१२.२ Safe Motherhood Program ........ 68

२.१३ एकद्धार संकट व्यवस्थापन केन्द्र ........ 73

२.१४ शल्यक्रिया सेवा (Operation Services) ........ 75

२.१५ फिजियोथेरापी सेवा ........ 75

२.१६ मेडिकल रेकर्ड तथा तथ्यांक शाखा ........ 79

२.१७ लेखा शाखा ........ 81

२.१८ सामाजिक सेवा इकाई र स्वास्थ्य बिमा ........ 83

२.१९ BMET सेवा ........ 88

२.२० ART तथा DOTS सेवा ........ 90

२.२१ मेडिको लिगल सेवा ........ 93

२.२२ अन्य सेवाहरु ........ 94

परिच्छेदः ३ ग्यालेरी ........ 95

परिच्छेदः ४ लेख रचना ........ 108

परिच्छेदः ५ विविध ........ 111

५.१ Name of Hospital chief up to present ........ 111

५.२ आ.व. २०७९/८० गरेका प्रमुख कार्यहरु ........ 112

५.३ Way Forward ........ 113

५.४ Issues and Challenges ........ 113

५.५ Emergency Readiness ........ 114

परिच्छेदः १

# परिचय

## १.१ अस्पतालको पृष्टभूमि

संखुवासभा जिल्लाको सदरमुकाम खाँदबारी नगरपालिका वडा नं १ मा अवस्थित जिल्ला अस्पताल संखुवासभा ५० शैयाको सरकारी अस्पताल हो। संखुवासभा जिल्लामा स्वास्थ्य सेवा प्रदान गर्न सर्वप्रथम आयुर्वेदिक औषधालयको स्थापना भयो। सो औषधालयले आफ्नो क्षमता अनुरुप सेवा दिदै आएकोमा समयको माग संगै एलोपेथिक सेवा समेत संचालन गर्नुपर्ने आवश्यकतालाई मध्यनजर गर्दै २०२९ सालमा नरबहादुर श्रेष्ठ, तुलसीलाल, कृष्णराज शाक्य, बाबुलाल श्रेष्ठ, भिमबहादुर श्रेष्ठ, चन्द्र बहादुर श्रेष्ठ जग्गादाता रहेको करिब १४ रोपनी क्षेत्रफलमा तत्कालिन स्वास्थ्यमन्त्री माननिय हिरालाल विश्वकर्मा ज्यू बाट १५ शैयाको अस्पताल शिलान्यास भई २०३३ सालमा माननिय स्वास्थ्यमन्त्री पद्मसुन्दर लावती ज्यू बाट उदघाटन भई बहिरङ्ग सेवा, अन्तरङ्ग सेवा र आकस्मिक सेवा अस्पताल प्रमुखको नेतृत्वमा र स्टाफनर्स सबिना उदास सहित १० जना स्वास्थ्यकर्मी तथा सहयोगी कर्मचारीबाट सेवा सुरुवात भयो। विभिन्न समय संगै अस्पतालको नेतृत्व गर्ने मेडिकल सुपरिटेन्डेण्टबाट अस्पतालको सेवा विस्तार गर्ने क्रममा डायोनोष्टिक सेवा समेतको आवश्यकता मध्यनजर गर्दै ल्याव टेक्निसियन मोहन कार्कीको नेतृत्वमा २०३९ सालमा प्रयोगशाला सेवा थप भयो। अस्पतालले सरकारको नीति तथा आफ्नो क्षमता अनुसार जनतालाई गुणस्तरिय स्वास्थ्य सेवा दिदै आईरहेकोमा २०४५ सालमा आर.आर.एन (RRN) संस्था मार्फत १०० एम ए को एक्सरे मेसिन प्राप्त भई रेडियोलोजी सेवाको सुरुवात भयो। यस अस्पताललाई समय सापेक्ष बनाउन अत्याधुनिक प्रविधि प्रयोग गरी २०७२ सालमा रेडियोलोजी सेवामा सि.आर प्रविधि, प्रयोगशाला सेवामा हेमाटोलोजी एनालाईजर, सोडियम पोटासियम मेसिन तथा सेमी बायोकेमेष्ट्री एनालाईजर मेसिन थप गरि परम्परागत युगको अन्त्य गर्न सफल हुनुभयो। समयक्रम सगै यस जिल्लाबाट प्रतिनिधित्व गर्नुहुने माननिय स्वास्थ्य राज्यमन्त्री तारामान गुरुङ्ग ज्यूको कार्यकालमा २०७४ सालमा १५ शैयाबाट ५० शैयामा स्तरोन्नति भई र सोही प्रकारको सेवा दिन ५० शैयाको भवन स्वीकृत भई निर्माणधीन अवस्था रहेको छ । २०७४ सालमा यस

जिल्ला अस्पताल ५० शैयामा स्तरोन्नति भएता पनि भौतिक पूर्वाधार जनशक्ति तथा उपकरणको हिसाबले १५ शैया बराबरको मात्र सेवा उपलब्ध गराउदै आएको जिल्ला अस्पतालले संखुवासभा तथा भोजपुरको जनतालाई समेत सेवा दिनुपर्ने अवस्था रहेको छ ।

देश संघीयतामा गए पश्चात यस अस्पताल प्रदेश सरकार, स्वास्थ्य मन्त्रालय अन्तर्गत रहेको हुदाँ जनतामा गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नको लागी यस जिल्ला अस्पताललाई सुविधा सम्पन्न गराउन जिल्ला समन्वय प्रमुख, अस्पताल व्यवस्थापन समितिको पदेन अध्यक्ष हुने प्रावधान अनुरुप श्री सुमन शाक्य ज्यूको अध्यक्षतामा रहेको अस्पताल व्यवस्थापन समितिको गठन पश्चातको समयलाई यस अस्पतालको आधुनिक युगको सुरुवात मान्न सकिन्छ। यस अस्पतालले मेसिनरी औजार उपकरण समय सापेक्ष बनाउन ईन्डोस्कोपी मेसिन खरिद, हाडजोर्नी शल्यक्रिया सेवा सुरुवात गर्न सि.आर्म मेसिन खरिद, ५ बेडको आई सि यु भेन्टिलेटर सेवा संचालन गर्न आवश्यक सामग्री खरिद, रेडियोलोजी सेवा विस्तार गर्न ५०० एम ए को मेसिन तथा सि आर प्रविधिलाई विस्थापित गर्दै डिजिटल रेडियोग्राफि सेवा सुरुवात, आकस्मिक सेवामा अत्याधुनिक प्रविधि थप अन्तरङ्ग कक्षमा मेसिन औजार तथा बेड व्यवस्थापन, शल्यक्रिया कक्षमा आवश्यक औजार उपकरण ,प्रयोगशाला सेवा विस्तार गर्न कल्चर मेसिन, CLIA मेसिन, Fully Automated BioChemistry Analyser मेसिन, Gene Xpert मेसिन ,अक्सिजन प्लान्ट , अस्पतालमा टोकन प्रणाली लागु लगायत अस्पतालमा ईलेक्ट्रोनिक रेर्कडिङ्ग ,रिर्पोटिङ्गको सुरुवात गरिएको र निकट भविष्यमा कागज रहित सेवा दिने योजना रहेको र अस्पताललाई अन्य आवश्यक सामग्री खरिद गरी सेवा संचालन गरिदै आएको छ भने नयाँ ५० शैयाको भवन संचालनमा आए पश्चात सेवा संचालन गर्ने गरि ३ शव राख्न मिल्ने फ्रिज , फोहोर व्यवस्थापनको लागि अटोक्लेभ मेसिन खरिद गरिएको छ ।

८ विशेषज्ञ चिकित्सकहरु सहित ५९ जनाको दरबन्दी भएतापनि दरबन्दी अनुसारको चिकित्सक तथा स्वास्थ्यकर्मीको स्थायी सेवामा पदपुर्ति हुन नसकेको र औजार उपकरण व्यवस्थापन तथा भौतिक पूर्वाधारको सुधारले मात्र जनताले गुणस्तरीय स्वास्थ्य सेवा नपाउने हुदाँ अस्पताल व्यवस्थापन समिति तथा अस्पताल व्यवस्थापनको संयुक्त पहलमा अरुण तेश्रो जलविद्‌युत परियोजनासँग सहयोग माग गरि हाडजोर्नी, स्वास्थ्य मन्त्रालयबाट २ जना General Surgeon तथा अस्पतालको साझेदार संस्था निक साईमन्स

ईस्टिच्युटबाट थप एक MDGP गरी ५ जना विशेषज्ञ चिकित्सक सहित ११३ जना कर्मचारीहरुबाट सेवा दिएको अवस्था छ। यस अस्पतालमा सेवाग्राहीको संख्या आ.ब. २०७८ /७९ मा ४४,५०० जनालाई सेवा दिएकोमा आ.ब. २०७९ /८० मा ५३,७२५ जनालाई सेवा दिदाँ सेवाग्राहीको संख्या २०.७३% ले वृद्धि भएको छ । साथै अन्य विभिन्न सहयोगी संघ संस्थाबाट समेत सहयोग लिई विशेषज्ञ चिकित्सक व्यवस्थापन लगायत औजार उपकरणमा सहयोग प्राप्त भई अस्पतालको सेवा विस्तार तथा कोभिड १९ को पहिलो र दोश्रो लहरमा निदान, उपचार र व्यवस्थापनमा उल्लेखनिय सफलता प्राप्त भएको छ। साथै यस अवधिमा कर्मचारीहरुको मनोबल उच्च बनाउन तलबमा उल्लेख्य वृद्धि, काम गरेको आधारमा प्रोत्साहन भत्ता, अतिरिक्त समय काम गरे बापत भत्ता, प्रत्येक वर्ष उत्कृष्ठ कर्मचारी छनौट गरि पुरष्कृत, कर्मचारीहरुको स्वास्थ्य बिमा अस्पतालले व्यवस्थापन समितिबाट नै गरिदिने लगायत बाहिरबाट आउने चिकित्सक ,कर्मचारीहरुको लागि क्वाटरको व्यवस्था गरि कर्मचारीहरुको मनोबल उच्च बनाउने प्रयत्न गरिएको छ। राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त हुने र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट बञ्चित गरिने छैन भन्ने मान्यता अनुरुप स्थापना भएको स्वास्थ्य बिमा कार्यक्रम, सामाजिक सेवा ईकाईको प्रभावकारी कार्यावन्यन गरिएको छ। यस अवधिमा यस अस्पतालमा बहिरङ्ग, अन्तरङ्ग, आकस्मिक सेवा, प्रयोगशाला सेवा, रेडियोलोजी सेवा, फार्मेसी सेवा, प्रसुति सेवा , शल्यक्रिया द्वारा प्रसुति सेवा, आई सि यु, फिजियोथेरापी सेवा, लगायत ५० शैयामा हुनुपर्ने २६ प्रकारका शत प्रतिशत सेवाहरु संचालन गरिएका छन्। तथापि बिरामीको उच्च चाप , भौतिक पूर्वाधारको अभाव र जनशक्ति पर्याप्त नभएको कारणले सेवाग्राहिबाट बेलाबेलामा जनगुनासो समेत आउने गरेको छ। तथापि सीमित श्रोत साधनको उच्चतम् प्रयोग गरि अधिकतम् व्यवस्थापन गरिदै आएको र अगामी दिनमा समेत मन्त्रालयको निर्देशन, सरोकारवाला निकाय र सेवाग्राहीहरुको सुझावलाई शिरोधार्य गर्दै चिकित्सक तथा स्वास्थ्यकर्मीहरुको मनोबल उच्च बनाउदै अधिकतम गुणस्तरिय स्वास्थ्य सेवा प्रदान गर्न अस्पताल व्यवस्थापन प्रतिबद्ध रहेको छ ।

## १.२ नागरिक वडापत्र

| क्र.सं | सेवाको किसिम | उपलब्ध सेवाहरु | कोठा नं. | समय | लाग्ने शुल्क | जिम्मेवार व्यक्ति | गुनासो सुन्ने अधिकारी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | बहिरङ्ग सेवा (OPD) | नाम दर्ता | | 10 बजेदेखि १ बजेसम्म | रु २० | दर्ता सहयोगी | मे.सु. | |
| | | बिरामी परिक्षण तथा उपचार | 3,4,5 | 10 बजेदेखि 5 बजेसम्म | निःशुल्क | विशेषज्ञ, मे.अ, पारामेडिक्स | मे.सु. | |
| | | ड्रेसिङ्ग | 9 | 10 बजेदेखि 5 बजेसम्म | समितिको निर्णयनुसार | मे.अ. | मे.सु. | |
| | | Orthopedic OPD | 27 | 10 बजेदेखि 5 बजेसम्म | रु २० | Orthopedic Surgeon | | |
| | | Pediatric OPD | | 10 बजेदेखि 5 बजेसम्म | रु २० | Pediatrician | | |
| | | General Surgery OPD | 26 | 10 बजेदेखि 5 बजेसम्म | रु २० | General Surgeon | | |
| | | EHS | | | | Respective Specialist | | |
| | | दन्त सेवा | 25 | 10 बजेदेखि 5 बजेसम्म | समितिको निर्णयनुसार | डेण्टल सर्जन, डेण्टल हाईजेनिस्ट | मे.सु. | |

| क्र.सं | सेवाको किसिम | उपलब्ध सेवाहरु | कोठा नं. | समय | लाग्ने शुल्क | जिम्मेवार व्यक्ति | गुनासो सुन्ने अधिकारी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| २ | अन्तरंग सेवा (Indoor ) | बिरामी भर्ना | _ | २४ सै घण्टा | रु २० | नर्सिङ अधिकृत, नर्सिङ ड्युटी स्टाफ | मे.सु. | |
| | | राउण्ड लिने समय | _ | बिहान ८ बजे बेलुकी ४ बजे | निःशुल्क | विशेषज्ञ, मे.अ | मे.सु. | |
| ३ | आकस्मिक सेवा (Emergency Service) | नाम दर्ता | 2 | २४ सै घण्टा | रु ५० | दर्ता सहयोगी | मे.सु. | |
| | | बिरामी परिक्षण तथा उपचार | 10 | २४ सै घण्टा | निःशुल्क | मे.अ., परामेडिक्स | मे.सु. | |
| | | ड्रेसिङ्ग | 9 | २४ सै घण्टा | समितिको निर्णयनुसार | मे.अ., B परामेडिक्स | मे.सु. | |
| | | नेबुलाईजेसन | 11 | २४ सै घण्टा | निःशुल्क | मे.अ. , परामेडिक्स | मे.सु. | |
| | | राउण्ड लिने समय | _ | बिहान ८ बजे बेलुकी ४ बजे | निःशुल्क | पारामेडिक्स | मे.सु. | |
| ४ | रेडियोलोजी विभाग | एक्स रे | 6,8 | २४ सै घण्टा | समितिको निर्णयनुसार | रडियोलोजिष्ट, रेडियोग्राफर | मे.सु. | |
| | | ई.सी.जी. | 13 | २४ सै घण्टा | रु २०० | रेडियोग्राफर र पारामेडिक्स | मे.सु. | |
| | | भिडियो एक्स रे | 7 | ११ बजे देखि ३ बजेसम्म | रु ४०० | विशेषज्ञ, तालिम प्राप्त मे.अ. | मे.सु. | |

| क्र.सं | सेवाको किसिम | उपलब्ध सेवाहरु | कोठा नं. | समय | लाग्ने शुल्क | जिम्मेवार व्यक्ति | गुनासो सुन्ने अधिकारी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| ५ | प्रसुति सेवा | सामान्य प्रसुति सेवा | 15 | २४ सै घण्टा | निःशुल्क | नर्सिङ अधिकृत, नर्सिङ ड्युटी स्टाफ | मे.सु. | यातायात खर्च वापत रु ३००० र आठ पटक गर्भवती जाँच गराए बापत गर्भवतीमा उत्प्रेरणा भत्ता रु ८०० दिइने छ। |
| | | शल्यक्रियाद्धारा प्रसुति सेवा | 20 | २४ सै घण्टा | निःशुल्क | विशेषज्ञ, तालिम प्राप्त मे.अ. | मे.सु. | |
| ६ | सुरक्षित मातृत्व सेवा | गर्भवती जाँच | 24 | १० बजेदेखि ५ बजेसम्म | निःशुल्क | नर्सिङ अधिकृत, नर्सिङ ड्युटी स्टाफ | मे.सु. | |
| | | परिवार नियोजन तथा परामर्श सेवा | 24 | १० बजेदेखि ५ बजेसम्म | निःशुल्क | नर्सिङ अधिकृत, नर्सिङ ड्युटी स्टाफ | मे.सु. | |
| | | पाठेघरको मुखको क्यान्सर जाँच | 24 | १० बजेदेखि ५ बजेसम्म | निःशुल्क | नर्सिङ अधिकृत, नर्सिङ ड्युटी स्टाफ | मे.सु. | |
| ७ | सुरक्षित गर्भपतन सेवा | मेडिकल औषधीद्धारा सुरक्षित गर्भपतन (MA) | 19 | १० बजेदेखि ५ बजेसम्म | निःशुल्क | नर्सिङ अधिकृत, नर्सिङ ड्युटी स्टाफ | मे.सु. | |

| क्र.सं | सेवाको किसिम | उपलब्ध सेवाहरु | कोठा नं. | समय | लाग्ने शुल्क | जिम्मेवार व्यक्ति | गुनासो सुन्ने अधिकारी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | सर्जिकल विधिबाट गर्भपतन (CAC/PAC) | 14 | १० बजेदेखि ५ बजेसम्म | निःशुल्क | तालिम प्राप्त मे.अ. र तालिम प्राप्त नर्सिङ स्टाफ | मे.सु. | |
| 8 | प्रयोगशाला | दिशा,पिसाब, खकार,रगत तथा अन्य परिक्षण | 21 | २४ सै घण्टा | समितिको निर्णयनुसार | मेडिकल ल्याव टेक्नोलोजिस्ट,प्रयोगशाला ड्युटी स्टाफ | मे.सु. | |
| ९ | फार्मेसी सेवा | स-शुल्क, नि-शुल्क औषधी वितरण | 1 | २४ सै घण्टा | समितिको निर्णयनुसार | फार्मेसी सुपरभाईजर | मे.सु. | |
| १० | अप्रेसन सेवा | साधारण अप्रेसन सेवा | 9 | ११ बजे देखि ३ बजेसम्म | समितिको निर्णयनुसार | मे.अ. , परामेडिक्स | मे.सु. | |
| | | Orthopedic Surgery | 28 | | समितिको निर्णयनुसार | | मे.सु. | |
| | | General Surgery | | | समितिको निर्णयनुसार | | मे.सु. | |
| | | आकस्मिक अप्रेसन सेवा | 20 | २४ सै घण्टा | समितिको निर्णयनुसार | मे.अ., विशेषज्ञ | मे.सु. | |
| ११ | नवजात शिशु उपचार सेवा | जन्मेदेखि २८ दिन भित्रका नवजात शिशुको उपचार | 19 | २४ सै घण्टा | निःशुल्क | नर्सिङ अधिकृत, नर्सिङ ड्युटी स्टाफ | मे.सु. | |

| क्र.सं | सेवाको किसिम | उपलब्ध सेवाहरु | कोठा नं. | समय | लाग्ने शुल्क | जिम्मेवार व्यक्ति | गुनासो सुन्ने अधिकारी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १२ | ईन्डोस्कोपी सेवा | | 22 | ११ बजे देखि ३ बजेसम्म | रु १५०० | तालिम प्राप्त विशेषज्ञ | मे.सु. | |
| १३ | निरोगिताको प्रमाण पत्र | | 3,4,5 | १० बजेदेखि ५ बजेसम्म | रु ५०० | मे.अ. | मे.सु. | |
| १४ | घाँउ जाँच | | 10 | २४ सै घण्टा | रु २०० | मे.अ. | मे.सु. | |
| १५ | अंपागताको प्रमाणपत्र | | 3,4,5 | १० बजेदेखि ५ बजेसम्म | निःशुल्क | मे.अ. | मे.सु. | |
| १६ | मेडिको लिगल सेवा | | 3,4,5 | २४ सै घण्टा | _ | ड्युटी मे.अ. | मे.सु. | |
| १७ | फिजियोथेरापी सेवा | | | १० बजेदेखि ५ बजेसम्म | समितिको निर्णयनुसार | फिजियोथेरापिष्ट | मे.सु. | |
| १८ | ए.आर.टी/डटर्स | | _ | १० बजेदेखि ५ बजेसम्म | निःशुल्क | ए.आर.टी काउन्सिलर | मे.सु. | |
| १९ | एम्बुलेन्स सेवा | | _ | २४ सै घण्टा | समितिको निर्णयनुसार | ह.स.चा. | मे.सु. | |
| २० | पोष्टमार्टम सेवा | | | १० बजेदेखि ५ बजेसम्म | निःशुल्क | मे.अ. | मे.सु. | |

## १.३ संगठन संरचना

प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
कोशी प्रदेश, नेपाल
स्वास्थ्य निर्देशनालय

# जिल्ला अस्पताल, सङ्खुवासभा

# दरबन्दी विवरण

**प्रमुख मेडिकल सुपरिटेण्टेन्ड, ज.हे.स. ११औ तह–१**

**इमरजेन्सी शाखा**
मे.अ.–(८)–१
हे.अ. (५, ६, ७)–१

**जनरल मेडिकल शाखा**
ब.क.ज. फिजिसियन– (९, १०)–१
मे.अ. (८)–१
हे.अ. (५, ६, ७)–१

**शल्यचिकित्सा शाखा**
ब.क.सर्जन (९, १०)–१
ब.क. एनेस्थेसियोलोजीष्ट (९, १०)–१
हे.अ. (५, ६, ७)–१

**बालरोग शाखा**
ब.क.पेडियाट्रिसियन (९, १०)–१
मे.अ. (८)–१

**स्त्री तथा प्रसुती रोग शाखा**
ब.क. अब्स तथा गाईनोक्लोजिष्ट (९–१०)–१
मे.अ. (८)–१

**हाडजोर्नी शाखा**
ब.क. अर्थोपिडिक्स् सर्जन (९–१०)–१
हे.अ. (५, ६, ७)–१

**फिजियोथेरापी शाखा**
ब. फिजियोथेरापिष्ट (७, ८)–१

**रेडियोलोजि शाखा**
ब. रेडियोलोजिष्ट (९, १०)–१
रेडियोग्राफर निरिक्षक (५, ६, ७)–१

**मानसिक रोग शाखा**
ब.क. साइक्याट्रिस (९, १०)–१
हे.अ. (५, ६, ७)–१

**नर्सिङ्ग शाखा**
नर्सिङ्ग अधिकृत (७, ८)–१
स्टाफ नर्स (५, ६, ७)–६
अ.न.मी. (४, ५, ६)–५

**मेडिकल रेकडर्स शाखा**
मे.रे.अ, मे.रे.सु. (५, ६, ७)–१

**डेन्टल शाखा**
डेन्टल सर्जन (८)–१
डेन्टल हाईजिनिष्ट (५, ६, ७)–१

**फार्मेसी शाखा**
फार्मेसी निरीक्षक सुपरभाईजर (५, ६, ७)–१

**प्रयोगशाला शाखा**
ब. मेडिकल ल्याब टेक्नोलोजिष्ट (७,८)–१
ल्याब टेक्नीसियन (५, ६, ७)–३
ब. ल्याब असिष्टेण्ट निरीक्षक (४, ५, ६)–१

**प्रशासन शाखा**
नायव सुब्बा–१
खरिदार–१
कार्यालय सहयोगी–११

**आर्थिक प्रशासन**
लेखापाल–१

**विविध**
एनेस्थेसिया असिष्टेण्ट-१
कम्प्युटर अपरेटर-१
वायो मेडिकल टेक्निसियन-१
हलुका सवारी चालक-१

| हाल कार्यरत कर्मचारीहरूको संख्या | | | |
|---|---|---|---|
| स्थायी सेवा | करार सेवा | समिति | जम्मा |
| | | | |

## १.४ मानव संसाधन

| सि. नं | पद | श्रेणी /तह | स्वीकृत दरबन्दी | पदपूर्ती | पद रिक्त | छात्रवृत्ति करार | अस्पताल विकास समिति | प्रदेश सरकार | अन्य (....) | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्रमुख मेडिकल सुपरिन्टेण्डेण्ट | 9/10 | 1 | 0 | 1 | 0 | 0 | 0 | 0 | 0 |
| २ | वरिष्ठ/कन्सल्टेण्ट पिडियाट्रिसियन | 9/10 | 1 | 0 | 1 | 0 | 0 | 0 | 0 | 0 |
| ३ | वरिष्ठ/कन्सल्टेण्ट अब्स्टेट्रिसीयन एण्ड गाइनोकोलोजिष्ट | 9/10 | 1 | 0 | 1 | 0 | 0 | 0 | 0 | 0 |
| ४ | वरिष्ठ /कन्सल्टेण्ट सर्जन | 9/10 | 1 | 0 | 1 | 2 | 0 | 0 | 0 | 2 |
| ५ | वरिष्ठ/कन्सल्टेण्ट अर्थोपेडिक सर्जन | 9/10 | 1 | 0 | 1 | 0 | 1 | 0 | 0 | 1 |
| ६ | वरिष्ठ /कन्सल्टेण्ट साइक्याट्रिस्ट | 9/10 | 1 | 0 | 1 | 0 | 0 | 0 | 0 | 0 |
| ७ | वरिष्ठ /कन्सल्टेण्ट एनेस्थोसियोलोजिष्ट | 9/10 | 1 | 0 | 1 | 0 | 0 | 0 | 0 | 0 |
| ८ | जनरल फिजिसियन | 9/10 | 1 | 0 | 1 | 0 | 0 | 0 | 0 | 0 |
| ९ | वरिष्ठ /कन्सल्टेण्ट रेडियोलोजिष्ट (GP) | 9/10 | 1 | 0 | 1 | 0 | 0 | 0 | 0 | 0 |
| १० | MDGP | 9/10 | ० | 0 | 1 | 0 | 1 | 0 | 0 | 1 |
| ११ | मेडिकल अधिकृत | 8 | 4 | 2 | 2 | 1 | 1 | 2 | 0 | 6 |
| १२ | डेन्टल सर्जन | 8 | 1 | 0 | 1 | 0 | 1 | 0 | 0 | 1 |

| सि. नं | पद | श्रेणी /तह | स्वीकृत दरबन्दी | पदपूर्ती | पद रिक्त | छात्रवृत्ति करार | अस्पताल विकास समिति | प्रदेश सरकार | अन्य (....) | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १३ | फिजियोथेरापिष्ट | 7/8 | 1 | 1 | 1 | 0 | 0 | 0 | 0 | 1 |
| १४ | मेडिकल ल्याब टेक्नोलोजिष्ट | 7/9 | 1 | 0 | 1 | 0 | 0 | 0 | 0 | 0 |
| १५ | नर्सिङ अधिकृत | 7/10 | 1 | 0 | 1 | 0 | 0 | 0 | 0 | 0 |
| १६ | नायब सुब्बा | रा.प.अन.प्रथम | 1 | 1 | 0 | 0 | 0 | 0 | 0 | 1 |
| १७ | लेखापाल | रा.प.अन.प्रथम | 1 | 0 | 1 | 0 | 0 | 0 | 0 | 0 |
| १८ | ल्याब टेक्निसियन | 5/6/7 | 3 | 1 | 2 | 0 | 4 | 1 | 0 | 6 |
| १९ | मेडिकल रेकर्डर सुपरभाइजर | 5/6/7 | 1 | 1 | 0 | 0 | 0 | 0 | 0 | 1 |
| २० | स्टाफ नर्स | 5/6/7 | 6 | 3 | 3 | 0 | 8 | 13 | 0 | 24 |
| २१ | हेल्थ असिष्टेण्ट | 5/6/7 | 5 | 1 | 4 | 0 | 3 | 3 | 0 | 7 |
| २२ | फार्मेसी सहायक | 5/6/7 | 1 | 1 | 0 | 0 | 5 | 1 | 0 | 7 |
| २३ | रेडियोग्राफर | 5/6/7 | 1 | 1 | 0 | 0 | 1 | 0 | 0 | 1 |
| २४ | खरिदार | रा.प.अन.द्रितीय | 1 | 0 | 1 | 0 | 0 | 0 | 0 | 0 |
| २५ | डेण्टल हाइजिनिष्ट | | 1 | 0 | 1 | 0 | 0 | 0 | 0 | 0 |
| २६ | वायोमेडिकल टेक्निसीयन | 5/6/7 | 1 | 0 | 1 | 0 | 1 | 0 | 0 | 1 |
| २७ | ल्याब असिस्टेण्ट | 4/5/6 | 1 | 0 | 1 | 0 | 3 | 0 | 0 | 3 |
| २८ | अनमी | 4/5/6 | 5 | 3 | 2 | 0 | 2 | 0 | 0 | 5 |
| २९ | एनेस्थेसिया सहायक | 5/6/7 | 1 | 0 | 1 | 0 | 2 | 0 | 0 | 2 |

| सि. नं | पद | श्रेणी /तह | स्वीकृत दरबन्दी | पदपूर्ती | पद रिक्त | छात्रवृत्ति करार | अस्पताल विकास समिति | प्रदेश सरकार | अन्य (....) | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३० | कम्प्युटर अपरेटर | रा.प.अन.प्रथम | 1 | 0 | 1 | 0 | 0 | 1 | 0 | 1 |
| ३१ | अ.हे.ब | 4/5/6 | 0 | 0 | 0 | 0 | 6 | 1 | 0 | 7 |
| ३२ | सहजकर्ता | | 0 | 0 | 0 | 0 | 0 | 3 | ० | 3 |
| ३३ | कम्प्युटर टेक्निसियन | | 0 | 0 | 0 | 0 | 1 | 0 | 0 | 1 |
| ३४ | इलेक्ट्रीसियन | | 0 | 0 | 0 | 0 | 1 | 0 | 0 | 1 |
| ३५ | एक्सरे सहायक | | 0 | 0 | 0 | 0 | 1 | 0 | 0 | 1 |
| ३६ | हलुका सवारी चालक | | 1 | 0 | 0 | 0 | 1 | 1 | 0 | 2 |
| ३७ | Security Guard | | 0 | 0 | 0 | 0 | 3 | 0 | 0 | 3 |
| ३८ | कार्यालय सहयोगी | | 11 | 3 | 0 | 0 | 7 | 12 | 0 | 22 |
| जम्मा | | | **59** | **18** | **41** | **3** | **53** | **38** | **0** | **113** |

परिच्छेदः २

# सेवाहरु


## २.१ बहिरङ्ग सेवा (OPD Service)



OPD services here at District Hospital, Sankhuwasabha provides services from General medicine, General surgery, Orthopedic Surgery and Gynaecology department. 250-300 patients are facilitated daily from our OPD. We here at the hospital provide services ranging from basic disease screening to managing a large spectrum of disease.

We also provide USG services (Abdomen and Obstetric Screening), Echocardiography (ECHO) Screening services and Endoscopy Screening services. In OPD service, we provide the following specialized services.

- General Medicine
- Orthopedic Surgery
- General Surgery
- Pediatric



In our General Medicine OPD, We provide all types of services, Screening and Consultation are done accordingly. We also treat Infectious diseases, systemic diseases, basic dermatological and also provide psychiatry consultations.

In our Gynae/Obstetric, we provide ANC services and basic screening of gynecological Disorder are done. ANC visits and proper planning to tackle problems are done. Our gynecological OPD plans and provides both elective and emergency Cesarean Section surgery services as per indications.





**Chart no.1: Pattern of OPD of Last Three Fiscal Years**





**Chart no. 2: Top Ten OPD Morbidity of FY 2079/80 among total OPD patients**





Chart no. 3:OPD Service Department Wise during FY 2079/80





Chart no. 4: New and Repeated OPD Visits during FY 2079/80





**Chart no. 5: District Wise OPD Visits during FY 2079/80**





**Chart no. 6: Local Level Wise OPD Visits during FY 2079/80**





**Chart no. 7: Pattern on ECHO, Endoscopy of last 3 Fiscal Years**



## २.२ बालरोग तथा नवजात शिशू सेवा

राष्ट्रको स्वास्थ्य स्थिति मापन गर्न, त्यस देशको मातृ तथा शिशु मृत्युदर एक महत्त्वपूर्ण सूचक मानिन्छ। तसर्थ बाल स्वास्थ्य, देशको स्वास्थ्य प्रणालीको अति संवेदनशील तथा महत्त्वपूर्ण अंग हो । यदि अभिप्राय सहित यस संखुवासभा अस्पतालमा अरुण तेस्रो र अस्पताल व्यवस्थापन समितिको अमुर्त पुर्ण क्रियाशिलताका कारण आ.ब ७८/०७९ को तिहार अघिबाट बालरोग विशेषज्ञ सेवा सुरु भयो। यो संगै बाल स्वास्थ्यका धेरै चुनौतिहरु क्रमश निर्मुल हुदैँ गएका छन्। सबै भन्दा पहिले बालस्वास्थ्य बनेको “Adult Medicine" जस्तै डोज चाहिँ आधा गरे पुग्छ भन्ने धारणा आम जनसाधारणमा मात्र के, कतिपय स्वास्थ्यकर्मी मै रहेको थियो। त्यस भ्रमलाई चिर्दै हामीले बालबालिका विकासको विभिन्न चरणमा रहेको र तिनीहरुको Physiology भिन्न भएको र उपचार पनि भिन्न रुपमा गर्नु पर्ने कुरा केहि हदसम्म बुझाउन सफल भएका छौ। यो नै सबै भन्दा महत्वपुर्ण कदम मान्न सकिन्छ।

संक्षेपमा यति छोटो अवधिमा हामीले यस अस्पतालमा नवजात शिशुका हकमा अति आवश्यक सेवा NICU पनि संचालन गर्न सफल भएका छौ। यो संगै कम तौल भएका तथा समय भन्दा अगावै जन्मेका (preterm baby) बच्चाहरुलाई उचित सहयोगी सेवा प्रदान गर्न सफल भएका छौ। त्यसैगरी भेन्टिलेटर सुविधा पनि सुरु भएका कारण अति सघन उपचार पनि सम्भव छ। आ.ब ०७८/७९ मा २९०३ जना र आ.ब ०७९/८० मा ५६२८ जना नवजात शिशु तथा बालबालिकाहरुले यो सेवा लिएका छन्। यति सफलताका बावजुत पनि अझै थुप्रै कुराहरु सम्पन्न गर्नुपर्ने छ । जस्तै:

- NICU/ICU सुविधा छुट्याउने
- बालरोग OPD मा Developmental Screening अर्थात् बच्चाको विकास उचित रुपमा भैरहेको छ कि छैन भन्ने प्रारम्भिक जांच
- मस्तिस्क पक्षघात को जनचेतना तथा सहयोग सेवा
- कुपोषण शिक्षा तथा सेवाको स्तरोन्नति
- औषधिको तर्क संगत प्रयोग

माथि उल्लेखित मध्ये, औषधिको तर्क संगत प्रयोग चाँहि यथासिघ्र गर्नुपर्ने आवश्यक छ। विशेषगरि रुघाखोकी जुन चाँहि ९०% viral संक्रमण हुन्छ, त्यसको उपचारमा Antibiotic प्रयोग नगर्ने तथा खोकी कम गर्ने औषधिको अनावश्यक प्रयोगलाई घटाउनु पर्नेछ ।





**Chart no. 8: Pediatric OPD of last 2 FY**





**Chart no.10 :New and Repeated visits in FY 2079/80 of Pediatric IPD**





**Chart no. 9: Distrubution of Gender of Pediatric OPD visits of FY 2079/80**

## २.३ हाडजोर्नी तथा नसा सेवा

जिल्ला अस्पताल संखुवासभामा सेवामा विस्तार गर्ने क्रममा आ.व. २०७८-७९ बाट हाडजोर्नी तथा नसा रोग सेवा विशेषज्ञ चिकित्सकद्धारा सुरु भएको छ। हाल यस विभागबाट सम्पुर्ण संखुवासभा जिल्लावासी लगायत भोजपुर जिल्लाको उत्तरी भेगको बासिन्दाहरुले सेवाको फाइदा उठाइरहेका छन्। दैनिक ३० भन्दा बढी बिरामीहरुलाई ओ.पी.डी. मा सेवा उपलब्ध भई रहेको छ भने चौबिसै घण्टा Emergency सेवा पनि प्रदान भई रहेको छ। हाडजोर्नीको शल्यक्रिया सुरु भएसंगै बिरामीहरुले शल्याक्रियाकै लागि मात्र भनि जिल्ला बाहिर धाउनुपर्ने समस्याबाट मुक्त भएका छन्। ठूला तथा साना शल्यक्रिया गरेर हाल मासिक २० देखि ४० वटा शल्यक्रिया भई रहेको छ। एक जना हाडजोर्नी तथा नसा रोग चिकित्सकको दरबन्दी भएता पनि स्वीकृत दरबन्दी पुर्ण नभएको करणले अरुण तेस्रो जलबिद्युतको सहयोगमा पद पूर्ति गरी हाडजोर्नीको विशेषज्ञ सेवा सुचारु भई राखेको छ।

यस विभागमा हाडजोर्नी तथा नसा रोग विशेषज्ञ डा. देवेश श्रेष्ठ र कार्यालय सहयोगी तिर्थ मगर हुनुहुन्छ ।





**Chart no. 11: Orthopedic Service FY 2079/80**





**Chart no. 12: New and Repeated Orthopedic Service FY 2079/80**





**Chart no. 13: Distribution of Gender of Orthopedic OPD visits of FY 2079/80**

## २.४ सामान्य सर्जरी विभाग (General Surgery Department)



The Surgery Department at District Hospital Sankhuwasabha in the rural setting is dedicated to providing a wide range of surgical services in a homely and supportive environment. Despite its location, constrained resources, the department is able to provided indoor, outdoor, endoscopic and surgical (elective and emergency) services.

Our team consist of one anesthesiologist (government scholarship bond), two anesthesia assistant (NSI), three surgeons, two government scholarship bond and one government reviving the surgical service since poush 2079. We have OT trained sisters (indoor) and two helpers regular adding our job. We also have a equipped ICU with a great team providing quality care.

General Surgery Procedures: Our skilled surgical team in Hospital excels in management of patients as required as well as performing essential general surgery procedures in a resource limited setting. These include laparotomy, a surgical method involving an incision in the abdominal wall to treat various abdominal conditions. The department routinely performs procedure like appendectomy, herniotomy, hernia repair, hydrocele, circumcision, excision biopsy, tendon repair, skin graft, hemorrhoidectomy. We have been able to diagnose and effectively treat malignancy as well. We are providing endoscopic service, surgical OPD service six days a week. We have provided outdoor services to 1800+ patients, performed 233 surgery which includes 66 major surgeries with 5 laparotomy in last 8 months.




The Surgery Department takes pride in fostering a homely and welcoming environment for its team and patients. The hospital's close-knit community and supportive staff create a comfortable atmosphere, encouraging surgeons to deliver their best work and build strong relationships with their patients. We are equipped with basic instruments sufficient to carry out regular general surgical procedures. Despite of it. We are not able to provide our full range of services due to logistical, diagnostic and physical constrains, but have plans to extend basic urological, laparoscopic and vascular services.

Great Weather: Hospital's location in an area with favorable weather enhances the overall experience for patients and surgical staff. The pleasant climate contributes to a positive ambiance, promoting faster healing and well-being for patients undergoing surgery.

In conclusion, the Surgery Department in Hospital provides a comprehensive range of surgical services. Despite its rural setting, the department maintains a homely and supportive environment for its team

members and patients, while the great weather contributes to a positive healing experience.




263.31







**Chart no. 14: General Surgery OPD of last FY**





**Chart no. 15: Distribution of Gender of General Surgery OPD Visits of FY 2079_80**

| Table:1 General Surgery Done in last FY 2079_80 | |
|---|---|
| General Surgery | No of Surgery |
| Appendectomy | 7 |
| Cholecystectomy | |
| Hernia Repair | 6 |
| Hydrocele | 1 |
| Hemorrhoid Correction | 1 |
| Laparatomy | 1 |
| Nephrolithotomy | |
| Others | 144 |
| Total General Surgeries | 160 |

## २.५ एनेस्थेसिया तथा सघन उपचार (ICU) सेवा

संखुवासभा जिल्लाको एकमात्र रेफरल सेन्टरको भूमिका निर्वाह गरिरहेको यस अस्पतालले सेवा विस्तार गर्ने क्रममा हाल विशेषज्ञ चिकित्सकद्धारा Anesthesia Intensive Care and Pain Medicine विभागको स्थापना भएको छ, यस विभागको **माध्यमबाट** धेरै जना बिरामीहरुलाई शल्यक्रियामा बेहोस बनाई, दुखाई हुन नदिई surgeon & patient दुवैलाई सहज भएको छ। निश्चित स्रोत, साधन र स्थानको बावजुत पनि हाल 5 HDU bed, 2 ICU bed & 2 NICU



bed सञ्चालन भइरहेको छ। Caesarean section, ortho surgeon र अरु minor surgeon हरुमा यस विभागले आफ्नो महत्वपूर्ण भूमिका निर्वाह गरेको छ। शल्यक्रियामा बिरामीहरुलाई सहज बनाउन anaesthesia विभागमा Anesthesiologist Dr.Astha Shrestha, एनेस्थेसिया सहायक Sunil Acharya र Puja Pariyar हुनुहुन्छ ।

यहाँको स्रोत साधन र मानव शक्तिले भ्याएसम्म जटिल बिरामीहरुलाई ICU,HDU सेवाको लागि तराई, काठमाडौ धाउनु पर्ने बाध्यता कम भएको छ। आई.सी.यू.मा Dr.Astha Shrestha समन्वयमा Dr. Bhim Bdr Lama र paramedicine जितेन्द्र चौधरी, नर्सहरु रचना राई ,अलिसा राई, आस्था निरौला, मनीषा चौधरी,लक्ष्मी चौधरी ममता चौधरीको टिमले सेवा प्रदान गरिरहेको छ। विभिन्न ठाउँमा दिर्घ दुखाई भएको बिरामीहरुलाई दुखाई कम गर्नका लागि भिडियो एक्सरेको मार्फत औषधि दिई, दुखाई कम गर्ने सेवा (Pain Clinic) पनि हाल यस विभागबाट सुरु हुन गएको छ यसले गर्दा दिर्घ दुखाईबाट पीडित बिरामीहरुलाई केहि राहात हुन जान्छ ।












## २.६ दन्तरोग सेवा



District hospital Sankhuwasabha is one of the best government Hospital of Koshi Province. Dental department of this hospital extends our gratitude and felicitation to all the staff of this hospital. Though this hospital was established in 2033 B.S., Dental Services was started from last 6 years only. Services provided in the initial days was limited due to lack of proper infrastructure and manpower. People at that time were also unaware about this service. But, In the recent days, Dental OPD is now well equipped with dental chair, ultrasonic scaler, endomotor, micromotor, etc. with the good environment to work with.

Thanks to our Medical Superintendent and Chairperson of the hospital management committee for providing all the necessities and believing in us. Patients are very happy to seek the services provided by this department. This hospital is now becoming the center for treating the patient with dental issues across sankhuwasabha as well as neighbouring district Bhojpur.

Insurance policy of the government has also contributed a lot to the patient to have treated with low cost. Flow of the patient is remarkable because of the insurance with average count to 12-14 per day.

The equipment provided is commendable for providing various elective dental procedure like extraction of mobile, grossly decayed tooth, preventive and conservative approach for filling and restoration of carious teeth, RCT, periodontal scaling. The final diagnosis of the patient is very helpful with X-ray

(IOPA). Patients were also made aware about the regular preventive approaches for their dental hygiene.



**Service provider:**

1. Dr Simran Shrestha (Dental surgeon)
2. Mr. Hari Karki (Office assistant)

We, the entire dental department are happy about the publication of the second introductory book of the Hospital. Good luck to the team for this excellent work. Thank you.





**Chart no. 16: Dental OPD**





**Chart no. 17: New and Repeated Visits in FY 2079_80 of Dental OPD**





**Chart no. 18: Distribution of Gender of Dental OPD visits of FY 2079_80**

| Table: 2 Dental Morbidity | | |
|---|---|---|
| Name of Disease | Female | Male |
| Dental caries | 627 | 398 |
| Periodontal disease (gum disease) | 82 | 40 |
| Toothache | 30 | 22 |
| Oral ulcer (Aphthous & herpetic) | 25 | 13 |
| Tooth impaction | 12 | 14 |
| Stomatitis | 11 | 6 |
| Gingivitis | 11 | 5 |
| Other disorder of teeth | 7 | 6 |
| Glossitis | 8 | 1 |
| Fungal infection (candidiasis) | 5 | 0 |
| Chipped Tooth | 3 | 2 |
| Oral space infection & abscess | 2 | 2 |
| Leukoplakia | 0 | 2 |
| Hyperdontia | 1 | 0 |
| Hypersensitivity | 1 | 0 |
| Total | 825 | 511 |

## २.७ आकस्मिक सेवा (Emergency Service)




राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त हुने र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट बञ्चित गरिने छैन भन्ने मान्यता अनुसार स्थापना भएको आकस्मिक सेवा जिल्ला अस्पताल संखुवासभामा अस्पतालको स्थापनाकाल देखिनै हालसम्म अनवरत रुपमा सञ्चालनमा रहेको छ । यस शाखामा ९ जना पारामेडिक्स्, ३ जना नर्सिङ्ग तथा ४ जना कार्यालय सहयोगी गरी जम्मा १६ जना जनशक्तिबाट सेवा दिईरहेको अवस्था छ । यस शाखामा २ वटा सुविधा सम्पन्न बेड र अन्य अब्जरभेशन बेड ६ वटा



गरी जम्मा ८ वटा र बिरामीको चाप अनुसार थप १० अस्थायी बेड समेतबाट सेवा दिईरहेको अवस्था छ । आकस्मिक कक्षलाई समय सापेक्ष विकास गर्दै लाने र सेवाग्राहीलाई गुणस्तरीय आकस्मिक स्वास्थ्य सेवा दिने उदेश्यका साथ अत्याधुनिक औजार उपकरण Patient Monitor, Suction Machine, ABG Machine, Defibrifllator, Oxygen Concentrator आदिको व्यवस्थापन गरी सेवा दिईरहेको र आकस्मिक सेवालाई थप व्यवस्थित गर्न आकस्मिक कक्षमा २४ सै घण्टा Central Line Oxygen Supply बाट अक्सिजन आपूर्ति गरिने र प्रत्येक कक्षमा अक्सिजन सिलिण्डरको व्यवस्था गरी वैकल्पिक स्रोत समेतको व्यवस्था रहेको छ । जिल्ला अस्पतालको आकस्मिक शाखाबाट प्रदान गरिने सेवामा एकरुपता कायम गर्न नेपाल सरकारबाट जारी गरिएको उपचार प्रोटोकल र यस अस्पतालमा कार्यरत चिकित्सकहरुको टिमद्वारा निर्माण गरिएको उपचार प्रोटोकल निर्माण गरि लागु गरिएको अवस्था छ । साथै यस शाखाबाट प्रदान गरिने सेवालाई छिटो, छरितो र

गुणस्तरीय बनाउन विहान र बेलुका २ पटक विषेशज्ञ चिकित्सक सहितको टिमबाट राउण्ड गर्ने र जुनसुकै बेला OnCall मेडिकल अफिसरसँग आकस्मिक कक्षको सिधा सम्पर्क हुने गरी छुट्टै मोवाईल नं. र म्यासेन्जर ग्रुप निर्माण गरी प्रयोगमा ल्याएको छ। यस शाखाबाट प्रदान गरिएका सेवालाई इलेक्ट्रोनिक मेडिकल रेकर्ड सिस्टममा प्रविष्ट गरिएको छ । आकस्मिक कक्षबाट विपद्को अवस्थामा आकस्मिक व्यवस्थापन गर्नको लागि ५० जनालाई उपचार गर्न सकिने औजार उपकरण, औषधी तथा उपचारजन्य सामाग्री, बिरामी बेड, जनशक्ति र अन्य आवश्यक सामाग्री सहित कार्ययोजना बनाई तत्काल परिचालन गर्न सकिने व्यवस्थापन गरिएको छ।

२०३३ सालमा स्थापना भएको यस जिल्ला अस्पताल ५० बेडमा स्तरोन्नती भएतापनि पुरानै संरचनामा संचालन भएको कारणले अस्पतालले चाहे जति सेवा दिन सकिरहेको छैन र नयाँ भवन निर्माणाधिन अवस्थामा भएकोले निर्माण सम्पन्न पश्चात गुणस्तरीय आकस्मिक सेवा प्रदान गर्न मेडिकल अधिकृत डिउटीमा रहने व्यवस्था, सबै बेडहरुमा सेन्टर लाईन अक्सिजन, भ्याकुम र सक्सन सहितको व्यवस्था र विरामीहरुको गोपनियता कायम गर्न विरामी बेडहरुलाई पाटेशन गरी थप व्यवस्थापन तथा फोहोरमैलाको उचित व्यवस्थापन गर्न आवश्यक रहेको छ ।





**Chart no. 19: Pattern of Emergency Service of last three FY**





**Chart no.: 20 Emergency Visits According to District during FY 2079_80**





**Chart no. 21: Emergency Visits According to Local Level during FY 2079_80**

## २.८ अन्तरङ्ग सेवा (Inpatient Service)

वि.सं. २०३३ सालमा स्थापित जिल्ला अस्पताल संखुवासभा, जिल्लाको खाँदबारी नगरपालिका वडा नं . १ मा अवस्थित छ। यस अस्पतालले आफ्नो स्थापनाकाल देखि १५ बेड क्षमताको विभिन्न सेवाहरु दिदै आएको र वि सं २०७४ सालमा ५० बेड क्षमता भएको यस अस्पतालमा अन्तरंग विभागमा २२ जना स्वास्थयकर्मीहरु सेवारत छन् ।

समयक्रम संगै यस अस्पतालको क्षमता वृद्धि भई वि.सं. २०७४ देखि ५० वेड भएको छ भने सेवा सुविधामा पनि निकै परिवर्तन भएको छ । एक नर्सिङ अधिकृत, छ स्टाफ नर्स र छ अ.न.मी को दरबन्दी भएता पनि स्वीकृत दरबन्दी पूर्ण नभएको कारणले विभिन्न कार्यक्रमहरूबाट करारमा नर्सिङ कर्मचारीहरू (स्टाफ नर्स, अ.न.मी) पदपूर्ति गरि सेवा सुचारु भइरहेको छ। सुरुवाती चरणमा यस अन्तरंग कक्षमा सामान्य प्रकारका बिरामी भर्ना तथा सामान्य प्रशिक्षण सेवा मात्र

प्रदान गरिदै आइरहेकोमा विक्रम संवत् २०६२ सालदेखि निशुल्क यातायात खर्च सहितको प्रसुति सेवा लागू भए पश्चात सेवाग्राहीको संख्या उल्लेख्य रुपमा वृद्धि भएको छ । संखुवासभा जिल्लाका विभिन्न पालिकाहरु सहित भोजपुर जिल्लाका बिरामीहरूको पनि उपचार केन्द्र रहेको यस अस्पतालमा विक्रम संवत् २०६६ सालदेखि निःशुल्क शल्यक्रियाद्वारा प्रसूति सेवा प्रदान गर्न थालेको हो ।

सुरुमा CEONC (Comprehensive Emergency Obstetric & Neonatal Care) सेवाको लागि नेपाल सरकारबाट बजेट विनियोजन भई कर्मचारीहरु (DOCTOR/SURGEON, NURSE, ANAESTHESIA ASSISTANT) करारमा लिएर सेवा प्रदान गर्दै आइरहेकोमा हाल NSI (NICK SIMONS INSTITUTE) ले MDGP, MO, SN, AA, & BMET गरी ६ जना कर्मचारीहरु प्रदान गरेकोले CEONC सेवा निरन्तर रुपमा वर्षै भरी सञ्चालनमा रहेको छ। त्यसैगरी 12 हप्तासम्म सुरक्षित गर्भपतन सेवा पनि यस अस्पतालले प्रदान गर्दै आएको छ र वि. सं. २०७३ सालदेखि यो सेवा पनि निःशुल्क प्रदान गरिँदै आएको छ।

वि.सं. २०७६ चैत महिनादेखि सुरु भएको कोभिड संक्रमणको विश्वव्यापी महामारीमा यस अस्पतालले १२० वेड क्षमताको आइसोलेसन वार्ड निर्माण गरी सेवा प्रदान गरेको समयमा नर्सिङ कर्मचारीहरुले अहोरात्र खटि COVID संक्रमण बिरामीहरुलाई उपचार तथा प्रसुति सेवा प्रदान गरेका थिए। उक्त समयमा यस अस्पतालका अरुण तेस्रो हाइड्रोपावरबाट भेन्टिलेटर तथा अन्य आवश्यक औषधि, औजार /उपकरणहरु साथै विभिन्न गैरसरकारी संस्था (NSI, One Heart World-wide, Redcross, Sodec, CUNINA) हरुले पनि सहयोग गरेका थिए ।

यस अस्पतालमा वि. सं. २०७८ साल देखि २ वेड क्षमताको ICU र २ बेड क्षमताको NICU सञ्चालनमा रहेको छ, जसको कारणले जटिल प्रकारका बिरामीहरुले पनि सेवा पाइरहेका छन् र अन्यत्र प्रेषण गर्ने क्रम कम भएको छ।

आ.व. २०७८/७९ देखि आमा सुरक्षा कार्यक्रम अन्तर्गत प्रसुती प्रशिक्षालयको पनि व्यवस्था गरिएको छ र हाल यसको क्षमता ५ वेड को रहेको छ। त्यसैगरी MCH Clinic बाट निरन्तर रुपमा Visual inspection of the cervix with acetic acid (VIA) जाँच पनि नर्सिङ कर्मचारीहरुद्वारा भइरहेको छ।

**हाल यस अस्पतालको अन्तरंग विभाग अन्तर्गत निम्न सेवाहरु रहेको छ:**

- बिरामी भर्ना
- प्रसूति सेवा
- सुरक्षित गर्भपतन सेवा
- शल्यक्रियाद्‌वारा प्रसूति सेवा
- ICU/SNCU/HDU सेवा
- OCMC सेवा
- MCH सेवा

**त्यसैगरी बेड संख्या निम्नअनुसार रहेको छ:**

- General bed - 5
- HDU - 5
- प्रसुति - 7
- ICU/SNCU - 4
- Post-Up - 8

**तालिमको व्यवस्था:**

तालिमले कर्मचारीहरुको ज्ञान, सीप, क्षमता अभिवृद्‌धि गर्ने हुनाले सेवाप्रदायक नर्सिङ कर्मचारीहरुलाई तालिम अति आवश्यक हुन्छ, अस्पतालमा सञ्चालित कार्यक्रमहरूको आधारमा नर्सिङ कर्मचारीहरुले विभिन्न प्रकारका तालिम प्राप्त गरेका छन् साथै COVID संक्रमणको समयमा प्रत्यक्षरुपमा तालिम सञ्चालन गर्न असम्भव भएको अवस्थामा virtual विधिबाट पनि केहि तालिमहरु प्राप्त गरेका छन् ।

**Table: 3**

| तालिम | संख्या |
|---|---|
| SBA | 8 |
| OTTM | 8 |
| SAS(MA/MVA) | 3 |
| Critical care training | 2 |
| Psychosocial counseling | |
| Onsite coaching & mentoring (SBA) | 7 |

| तालिम | संख्या |
|---|---|
| Infection prevention | सबै |
| OCMC | 2 |
| Geriatric nursing | 1 |
| SNCU | 1 |
| INCU insertion & removal | 3 |
| Implant insertion & removal | 4 |
| PPH management (virtual) | सबै |
| COVID management (virtual) | 5 |

यसको साथै प्रत्येक हप्ता CME अन्तर्गत विभिन्न विषयमा छलफल हुने गरेको छ।

**अवसर तथा चुनौतिहरु:**

१५ बेड क्षमताबाट ५० बेड क्षमतामा स्तरवृद्धि पश्चात विभिन्न प्रकारका विशिष्टिकृत सेवाहरु प्रदान गर्दा नर्सिङ कर्मचारीहरुमा ज्ञान, सीप, र क्षमतामा अभिवृद्धी भएको अवस्था रहयो भने उपलब्ध सेवा अनुसार नर्सिङ कर्मचारीहरु नभएको हुनाले गुणस्तर सेवा दिन चुनौतीपूर्ण रहेको अवस्था छ ।





**Chart no. 22: Pattern on Inpatient Service of last three FY**





**Chart no. 22: Top 10 Inpatient Morbidity during FY 2079_80**





**Chart no. 23: Inpatient major indicators**





**Chart no. 24: Inpatient major indicators**





**Chart no. 25: Number of Discharge patients Vs. Month**








Coca-Cola
100%
MIXED FRUIT
JUICE




जिल्ला अस्पताल, सङ्खुवासभा
खाँदबारी
स्था: २०३३


USAID | NEPAL

## २.९ प्रयोगशाला सेवा

यस अस्पतालमा विगत लामो समय देखि २४ घण्टा नै प्रयोगशाला सेवा संचालनमा रहेको छ। यस सेवालाई छिटो, छरितो, गुणस्तरीय, जनपक्षिय, व्यवस्थित तथा विश्वसनिय बनाउन प्रयोगशालाका विभिन्न पक्षहरुमा सुदृढिकरण तथा आधुनिकरण हुदै गएको छ । अस्पतालमा प्रयोगशाला सेवा चिकित्सकिय पद्धतिको मेरुदण्ड भएकोले अस्पतालको विकास संगसंगै प्रयोगशाला सेवाको विकास हुदै गएको छ ।

प्रयोगशालामा नेपाल सरकार, प्रदेश करार, अस्पताल विकास समिति लगायत विभिन्न स्रोतबाट लगभग १० जना लामो अनुभव हासिल गरेका ६ जना ल्याब टेक्निसियनहरु, ३ जना ल्याब असिस्टेण्टहरु र १ जना कार्यालय सहयोगीले सेवा प्रदान गर्दै आएको अवस्था छ । यस अस्पतालमा प्रयोगशाला परिक्षणका लागि विश्वस्तरीय आधुनिक उपकरणहरु प्रयोग भएका छन् साथै सम्पूर्ण परिक्षणहरुको नतिजा कम्प्युटराइज प्रविधिवाट प्रदान गरिने गरेको छ । प्रयोगशालाको नतिजाको गुणस्तरीयता मापनको लागी दैनिक आन्तरिक गुणस्तरीयता मापन तथा चौमासिक रुपमा राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला समक्ष वाह्य गुणस्तरीयता अनुगमन कार्य भएरहेको छ। प्रयोगशालाले बिरामीको सहजताको लागी यथासिघ्र नतिजा प्रदान गर्नको लागि हरदम प्रयास गरि आकस्मीक सेवाका विरामीहरुको रिपोर्ट दुई घण्टाभित्र तथा दैनिक ओ.पी.डीका रिपोर्टहरु ३ बजे भित्र वितरण भई आएको छ।

विशेषज्ञ सेवा विस्तार संगै प्रयोगशालामा पनि विभिन्न विशेष आधुनिक उपकरणहरुबाट विशेष प्रकारका परीक्षणहरु सुचारु भएका छन्। प्रयोगशालामा Fully automated haematology analyzer, Fully automated biochemistry analyzer, CLIA, Automated blood culture system, etc. लगायतका विश्वसनीय उपकरणहरु रहेका छन्। यस अस्पतालमा विगतका आ.व हरुलाई तुलनात्मक रुपमा हेर्दा पनि यस प्रयोगशाला सेवामा समेत चाप बढ्दै गएको छ ।

प्रयोगशालामा सेवा विस्तार तथा गुणस्तरीयता अभिवृद्धिको लागी अस्पताल परिवार तथा अ.व्य.स लागि नै परिरहेको छ। गत तीन आ.व २०७८/७९ र २०७९/८० मा यस विभागबाट प्रवाह भएको सेवाको छोटो विवरण प्रस्तुत गरिएको छ।

**Table: 4 Laboratory Tests of last two fiscal years**

| SNo | Variables | 2078_79 | 2079_80 | Change % |
|---|---|---|---|---|
| 1 | Haemoglobin | 11188 | 14770 | 32.02% |
| 2 | Total Leukocytes Counts (Blood) | 10495 | 14136 | 34.69% |
| 3 | Platelets Count | 10478 | 14131 | 34.86% |
| 4 | Differential Leukocytes Count (Blood) | 10474 | 14130 | 34.91% |
| 5 | Packed Cell Volume/ Haematocrit | 10463 | 14133 | 35.08% |
| 6 | RBC Count (Blood) | 10458 | 14127 | 35.08% |
| 7 | Mean Cell Haemoglobin Concentration (MCHC) | 10455 | 14125 | 35.10% |
| 8 | Mean Cell Volume (MCV) | 10454 | 14126 | 35.13% |
| 9 | Mean Cell Haemoglobin (MCH) | 10453 | 14124 | 35.12% |
| 10 | Glucose Random (Blood) | 9256 | 9682 | 4.60% |
| 11 | Creatinine (Serum) | 9198 | 10362 | 12.65% |
| 12 | Urea (Blood) | 9088 | 10356 | 13.95% |
| 13 | Urine Routine Examination | 8561 | 10858 | 26.83% |
| 14 | Sodium (Serum) | 5394 | 8178 | 51.61% |
| 15 | Potassium (Serum) | 5385 | 8175 | 51.81% |
| 16 | Albumin (Serum) | 4283 | 5748 | 34.20% |
| 17 | Bilirubin Total | 4252 | 5675 | 33.47% |
| 18 | Bilirubin Direct | 4251 | 5672 | 33.43% |
| 19 | Serum Glutamic Pyruvic Transaminase (SGPT) | 4211 | 5681 | 34.91% |
| 20 | Serum Glutamic-Oxaloacetic Transaminase (SGOT) | 4210 | 5679 | 34.89% |
| 21 | Total Protein (Serum) | 4196 | 5684 | 35.46% |
| 22 | Alkaline Phosphatase (ALP) | 4191 | 5669 | 35.27% |
| 23 | Blood Grouping Rh Typing | 2810 | 3447 | 22.67% |
| 24 | HIV | 2726 | 3436 | 26.05% |
| 25 | HBsAg | 2709 | 3484 | 28.61% |

| SNo | Variables | 2078_79 | 2079_80 | Change % |
|---|---|---|---|---|
| 26 | VDRL | 2660 | 3403 | 27.93% |
| 27 | HCV | 2583 | 3464 | 34.11% |
| 28 | C-Reactive Protein Qualitative | 2319 | 2612 | 12.63% |
| 29 | Thyroid-Stimulating Hormone (TSH) | 2276 | 3032 | 33.22% |
| 30 | Erythrocyte Sedimentation Rate (ESR) | 2263 | 3927 | 73.53% |
| 31 | Uric Acid | 2196 | 2194 | -0.09% |
| 32 | Bleeding Time | 1818 | 1467 | -19.31% |
| 33 | C-Reactive Protein (CRP) | 1719 | 2855 | 66.08% |
| 34 | Calcium (Serum) | 1692 | 1963 | 16.02% |
| 35 | SARS-CoV-2 Antigen Detection | 1432 | | -100.00% |
| 36 | Glucose Fasting (Blood) | 1406 | 1860 | 32.29% |
| 37 | Clotting Time | 1385 | 1464 | 5.70% |
| 38 | Free Triiodothyronine (FT3) | 1377 | 2184 | 58.61% |
| 39 | Free Thyroxine (FT4) | 1375 | 2449 | 78.11% |
| 40 | Glucose PP (Blood) | 1254 | 1704 | 35.89% |
| 41 | Dengue | 1241 | 2456 | 97.90% |
| 42 | RA factor | 1161 | 1162 | 0.09% |
| 43 | Prothrombin Time (PT) | 1127 | 1927 | 70.98% |
| 44 | Pregnancy Test (Immunochromatographic ) | 1114 | 1241 | 11.40% |
| 45 | Lipid Profile | 1051 | 1145 | 8.94% |
| 46 | Amylase (Serum) | 931 | 1083 | 16.33% |
| 47 | HbA1C | 854 | 1613 | 88.88% |
| 48 | Scrub Typhus | 736 | 1012 | 37.50% |
| 49 | Helicobacter Pylori | 693 | 1713 | 147.19% |
| 50 | Physical Examination Stool | 517 | 626 | 21.08% |
| 51 | Microscopic Examination Stool | 516 | 626 | 21.32% |
| 52 | Cholesterol Total | 462 | 444 | -3.90% |
| 53 | Triglyceride | 459 | 445 | -3.05% |
| 54 | HDL - Cholesterol | 456 | 442 | -3.07% |
| 55 | LDL - Cholesterol | 455 | 440 | -3.30% |

| SNo | Variables | 2078_79 | 2079_80 | Change % |
|---|---|---|---|---|
| 56 | VLDL | 334 | 419 | 25.45% |
| 57 | INR | 307 | 1705 | 455.37% |
| 58 | AFB Stain | 267 | 292 | 9.36% |
| 59 | Widal Test | 220 | 605 | 175.00% |
| 60 | Acetone (Urine) | 160 | 163 | 1.88% |
| 61 | Lipase | 135 | | -100.00% |
| 62 | Malaria Parasite | 112 | 90 | -19.64% |
| 63 | Creatine Kinase-MB (CK-MB) | 98 | 197 | 101.02% |
| 64 | Troponin I | 95 | 198 | 108.42% |
| 65 | Antistreptolysin O (ASO) Titre | 92 | 23 | -75.00% |
| 66 | Beta-Human Chorionic Gonadotropin (BHCG) | 65 | 2 | -96.92% |
| 67 | Occult Blood | 59 | 101 | 71.19% |
| 68 | RK39 | 55 | 17 | -69.09% |
| 69 | Malaria Rapid | 49 | 9 | -81.63% |
| 70 | Culture & Sensitivity | 44 | 153 | 247.73% |
| 71 | TPHA | 27 | 37 | 37.04% |
| 72 | Follicle-Stimulating Hormone (FSH) | 19 | 23 | 21.05% |
| 73 | Ketones (Urine) | 15 | 3 | -80.00% |
| 74 | Luteinizing Hormone (LH) | 13 | 16 | 23.08% |
| 75 | Mantoux Test | 11 | 8 | -27.27% |
| 76 | Differential Leukocytes Count | 8 | | -100.00% |
| 77 | Total RBC Count (Blood) | 7 | | -100.00% |
| 78 | Sexual Assault Smear Examination | 6 | 3 | -50.00% |
| 79 | Prolactin | 4 | 4 | 0.00% |
| 80 | Semen Analysis | 3 | 5 | 66.67% |
| 81 | GTT | 2 | 25 | 1150.00% |
| 82 | Lactate Dehydrogenase (LDH) | 2 | | -100.00% |
| 83 | D-dimer | 1 | 4 | 300.00% |
| 84 | Adenosine Deaminase (ADA) | 1 | | -100.00% |
| 85 | GGT | 1 | | -100.00% |

| SNo | Variables | 2078_79 | 2079_80 | Change % |
|---|---|---|---|---|
| 86 | A:G Ratio | | 1 | |
| 87 | Albumin (Fluid) | | 1 | |
| 88 | Differential Leukocytes count (fluid) | | 1 | |
| 89 | Glucose (Fluid) | | 1 | |
| 90 | Total Lecucocytes Counts (Fluid) | | 1 | |
| 91 | Total Protein (Fluid) | | 1 | |
| 92 | Gene expert | | 8 | |
| 93 | Cavity Fluid Analysis | | 5 | |
| 94 | Activated Partial Thromboplastin Time (aPTT) | | 2 | |







**Chart no. 26: Laboratory Service Indicators of last three fiscal years**




IMMUNOLOGY
SECTION
Serology







## २.१० रेडियोलोजी सेवा

Radiology is the branch of science that uses different imaging modalities like X-ray Fluoroscopy, computed tomography, magnetic resonance imaging, USG, C-Arm, ECG to diagnose diseases and guide their treatment.

Radiology plays a vital role in providing the needed information to determine the type of care a patient needs.

In District Hospital Sankhuwasabha, the radiology services was started in 2045 BS. Since then it has been providing quality services to the people of sankhuwasabha and its neighboring district.

During its initial days the X-ray film processing was done manually in darkroom but now the service has been upgraded to the latest Digital Radiography (DR) system which is capable of producing quality images in a short period of time. We have ECG, USG services (abdomen and obstetrics screening), Endoscopy services, and basic Echocardiography screening services. The hospital provides 24 hours radiology services to the people.

Hospital has planned further to expand its spectrum of services. Introduction of CT scan services has been kept as the one of the prime goal to be achieved in upcoming years. With limited resources, we have worked through all the hurdles and came this far.





**Chart no. 27: Pattern of ECHO, Endoscopy of last 3 Fiscal Years**






**Chart no. 28: Pattern of ECG, USG, X-ray done of last 3 Fiscal Years**





## २.११ फार्मेसी सेवा

**नेपालमा अस्पताल फार्मेसीको संक्षिप्त सैद्धान्तिक पृष्ठभूमि :**

अस्पताल फार्मेसी भन्नाले कानूनी रुपमा योग्य, व्यवसायिक रुपमा सक्षम तथा नेपाल फार्मेसी परिषदमा दर्ता भएका फर्मासिस्ट तथा फार्मेसी सहायकद्वारा कुशल फार्मेसी अभ्यास (Good Pharmacy Practice) अनुकूल हुने गरी औषधि तथा औषधि जन्य सामग्रीहरुको खरिद, भण्डारण, गुणस्तर आश्वाशन, मौज्दात व्यवस्थापन, कम्पाउन्डिङ, उत्पादन, प्याकेजिङ्ग, बिक्रि- वितरण, औषधि उपचार व्यवस्थापन, परामर्श र औषधिको निगरानी गरी अस्पतालमा भर्ना भएका वा एम्बुलेटरी बिरामीहरूलाई सेवा प्रदान गर्ने अस्पतालको एक महत्वपूर्ण बिभाग हो ।

नेपालमा अस्पताल फार्मेसी सेवाको शुरुवात सन् १९५६ मा शान्ताभवन अस्पताल (हालः पाटन स्वास्थ्य बिज्ञान प्रतिष्ठान, पाटन अस्पताल, लगनखेल) बाट भएको इतिहास छ । **गत शताब्दीको सत्तरी र अस्सीको दशकतिर हाम्रो देशमा रहेका सरकारी अस्पतालहरुबाट** कफ मिश्रण, कार्मिनेटिभ मिश्रण, सल्फर मलम, जेन्सियन वायलेट झोल **आदि जस्ता** बाह्य तयारीहरु (Extemporaneous preparations) सहायक स्वास्थ्यकर्मीबाट वितरण गरिन्थ्यो; त्यतिबेला फर्मासिस्ट वा फार्मेसी सहायक थिएनन् । बि.स. २०३६ सालमा पहिलो पटक स्वास्थ्य मन्त्रलायले मेची अंचल अस्पताल, भद्रपुर र महेन्द्र अस्पताल भरतपुरमा दुई वटा सहायक फर्मासिस्ट पदको दरबन्दी सिर्जना **गरेको पाइन्छ** । हाल देशमा रहेका प्रायः जसो केन्द्रिय अस्पताल, शिक्षण अस्पताल, प्रादेशिक तथा जिल्ला अस्पतालहरुले दक्ष फार्मेसी जनशक्ति मार्फत अस्पताल फार्मेसी सन्चालन गर्दै आइरहेको अवस्था छ ।

**जिल्ला अस्पताल संखुवासभा फार्मेसीको स्थापना र हालको अवस्था :**

स्वास्थ्य सेवामा प्रभावकारी रुपमा सबैको पहुचँ सुनिश्चित गर्नका लागि फार्मेसी विषयका दक्ष जनशक्ति मार्फत आफ्नै फार्मेसी सेवा सञ्चालन गरी बिरामी एवम् सेवाग्राहीहरुलाई सुलभ एवम् गुणस्तरीय सेवा पुर्याउन सुशासन व्यवस्थापन तथा संचालन ऐन २०६४ को दफा ४५ को अधिकार प्रयोग गरी नेपाल सरकार स्वास्थ्य

तथा जनसंख्या मन्त्रालयबाट जारी गरिएको अस्पताल फार्मेसी सेवा निर्देशिका, २०७२ बमोजिम जिल्ला अस्पताल संखुवासभा, खाँदबारीमा इति सम्बत् २०७३ साल पौष १८ गते रोज २ शुभम् मा २४ सै घण्टा फार्मेसी सेवाको माननीय स्वास्थ्य राज्यमन्त्री श्री तारामान गुरुङ ज्यूबाट सामुदघाटन सु-सम्पन्न गरी हाल फार्मेसी बिभाग प्रमुख स्थायी फर्मासिस्ट धीरज रौनियारज्यूको नेतृत्वमा ६ जना फार्मेसी सहायकहरु (सुमन देवकोटा, संजु थापा मगर, अर्जुन तामांग, पवित्रा बि.क., निशान शाक्य, सुसना राई) मार्फत फार्मेसी सेवा संचालनमा रहेको छ। बिश्व स्वास्थ्य संगठनको मान्यता अनुरुप बिरामीहरुका लागि जनसुरक्षित, असरयुक्त, गुणयुक्त, लागत-प्रभावी उत्तम रहेको औषधिको छनौट, औषधिका उपयोग सम्बन्धि नीति तथा अस्पताल फर्मुलरी र स्तरीय उपचार प्रोटोकोलको निर्माणका लागि यस संखुवासभा अस्पतालका मे.सु., चिकित्सकीय बिभाग, नर्सिंग, प्रशासन ,आर्थिक र फार्मेसी बिभाग प्रमुखहरु रहने गरी ड्रग एण्ड थेराप्यूटिक कमिटि मार्फत औषधि सम्बन्धित कार्यहरु गर्दै आएको छ।

फार्मेसीबाट नेपाल सरकारले तोकेका निःशुल्क औषधिहरु, स्वास्थ्य बीमामा आवद्ध बिमित रोगीहरुका स्वास्थ्य उपचारका लागि चाहिने औषधि तथा औषधि जन्य सामग्रीहरु, आमा तथा नवजात शिशु सुरक्षा कार्यक्रम, निःशुल्क गर्भवती जाँच कार्यक्रम तर्फका निःशुल्क औषधिहरुको वितरण र सो बाहेकका अन्य औषधि ऐन २०३५ को दफा ८ (क) र औषधि दर्ता नियमावलीको नियम ४ (क,ख) बमोजिम नियमन निकायमा दर्ता भएका सःशुल्क औषधि तथा औषधि जन्य सामग्रीहरुको भण्डारण, बिक्रि-वितरण D Code Health नामक सफ्टवेयर माध्यमबाट व्यक्तिगत प्रिस्क्रिप्शन अर्डर प्रणाली र फ्लोर (वार्ड) स्टक (Individual prescription order system & Floor ward stock system) प्रणालीबाट हुँदै आएको छ।

**उपलब्धीः**

नेपाल सरकारले तोकेका निःशुल्क औषधिहरुको हकमा आ.व .२०७९/८० देखि हाल सम्म अस्पताल फार्मेसीबाट पूर्ण रुपमा निशुल्क वितरण हुदै आएको , बिमा कार्यक्रमलाई थप जोड दिदै राष्ट्रिय बिमा बोर्डबाट तोकिएका औषधिहरु यस

अस्पतालको लागि पूर्ण रुपमा कार्यान्वयन गरिएको ,गत वर्ष २०७९/८० मा औषधि तथा औषधि जन्य सामग्रीहरुको खरिद बिधुत्तीय प्रणाली (E-bidding) मार्फत गरी अस्पताल फार्मेसी तथा अस्पताल व्यवस्थापन समिति राम्रो मुनाफामा रहेको देखिएको , आ.व .२०८०/८१ को लागि समेत औषधिको खरिद प्रचलित सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद )१३ औं संसोधन (नियमावली २०७९ बमोजिम E-bidding खरिद प्रक्रिया मार्फत अगाडी बढाइएको छ| म्याद सकिएका, प्रयोगमा ल्याउन नमिल्ने *औषधि, रसायन* र औषधिजन्य सामग्री *नष्ट* गर्ने सम्बन्धी कार्यविधि, २०७८ बमोजिम यस अस्पतालमा रहेको म्याद गुज्रेका औषधिहरुको व्यवस्थापनको प्रक्रिया दोश्रो चरणमा प्रवेश गरेको छ | साथै September 25, 2023 आयोजयक्त्वमा जिल्ला समन्वय समिति प्रमुख तथा अस्पताल व्यवस्थापन समितिका अध्यक्ष , नगरपालिकाका नगर प्रमुख तथा प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र बिराटनगरका निर्देशक, डा.बिरेन्द्र कुमार मण्डलज्यू लगायत अस्पतालका कर्मचारीहरुको उपस्थितिमा Pharmacy Strengthening Health System नारा साथ बिश्व फर्मासिष्ट दिवस (World Pharmacist Day) भव्यताका साथ सम्पन्न गरी मनाइएको थियो | जिल्ला अस्पताल संखुवासभा फार्मेसीबाट गत आ.व .२०७५/७६ , २०७६/७७ ,२०७७/७८ ,२०७८/७९ र २०७९/८० मा औषधि तथा औषधि जन्य सामग्रीहरुका बिक्रि रकम ने.रु .क्रमश :११००००० ,६१७०३२२ , ५९७२१५५, १,०९,८८,०७८ र २,५७,०३,७३१ रहेको छ |

**भावी लक्ष्य :**

यस आ.व. २०८०/८१ मा अस्पताल फार्मेसीको बार्षिक लक्ष्य नेपाल सरकारबाट तोकिएका निशुल्क औषधि तथा राष्ट्रिय बिमा बोर्डबाट तोकिएका बिमामा आवद्ध बिमित्त बिरामीहरुका लागि चाहिने औषधिको उपलब्धताको पूर्ण रुपमा कार्यन्वयन तथा निरन्तरता, कुशल फार्मेसी अभ्यासको कार्यान्वयन, अस्पताल फर्मुलरी र स्तरीय उपचार प्रोटोकोलको निर्माण तथा प्रकाशन, कार्यरत फार्मेसी जनशक्तिको

अभिमुखीकरण तथा क्षमता विकास तालिम, अस्पतालमा रहेको म्याद गुज्रेका औषधिहरुको व्यवस्थापन कार्यको समापन र औषधिको बार्षिक बिक्रि लक्ष्य ने.रु. ३,०८,४४,४७७ (तीन करोड आठ लाख चौवालिस हजार चार सय सतहत्तर) पुर्याइने लक्ष्यहरु रहेका छन् ।

## चुनौती र अवसरहरु :

राष्ट्रिय औषधि नीति २०५१ को नीति नं. ४.१.२. (ग), जनस्वास्थ्य सेवा ऐन २०७५ को दफा २९ तथा औषधि बिक्रि वितरण संहिता, २०७१ शत प्रतिशत कार्यन्वयनमा ल्याउनुपर्ने, अस्पताल फार्मेसी सेवा निर्देशिका, २०७८ को दफा ४ बमोजिम अस्पताल फर्मुलरी र स्तरीय उपचार प्रोटोकोलको निर्माण गरी औषधि खरिद प्रक्रियामा सहजता तथा प्रेसिक्रप्सनमा एकरुपता ल्याउनुपर्ने, नेपाल सरकारबाट तोकिएका अत्यावश्यक निःशुल्क औषधि तथा औषधिजन्य सामग्री/ उपकरणहरु प्रदेश आपूर्ति व्यवस्थापन केन्द्रबाट समयमा पूर्ति तथा उपलब्ध हुनुपर्ने, स्वास्थ्य बीमा कार्यक्रमको औषधि बिक्रि-वितरण पश्चात समयानुकुल सोधभर्ना जस्ता चुनौतीहरु रहेका छन ।

तसर्थः प्रदेश नं. १ मा रहेका चौद्ध वटा जिल्लाहरु मध्ये पूर्वी हिमाली जिल्लामा अवस्थित रहेको यस अस्पतालमा आउने  मुख्यतः संखुवासभा र भोजपुरका बिरामी एवम् सेवाग्राहीहरुलाई सुलभ एवम् गुणस्तरीय सेवा प्रदान गर्दै आएकोमा यस कार्यमा सहयोग गर्नुहुने संघीय, प्रदेश, स्थानीय सरकार, अस्पताल व्यवस्थापन समिति, जनप्रतिनिधि, नागरिक समाज, अस्पताल प्रशासन लगायत सम्पूर्ण कर्मचारीहरु प्रति यस अस्पताल फार्मेसी परिवार तर्फबाट आभार प्रकट गर्दछ ।




औषधी लिंदा बिल
अनिवार्य लिनुहोला ।
जिल्ला अस्पताल सङ्खुवासभा
फार्मेसी काउन्टर १ (क)
स्वास्थ्य बिमा अन्तर्गतका औषधिहरु
तथा
नि:शुल्क औषधिहरु
जिल्ला अस्पताल सङ्खुवासभा खाँदबारीमा
२४ सै घण्टा फार्मेसी सेवाको
माननीय स्वास्थ्य राज्यमन्त्री
सु-सम्पन्न ।

## २.१२ मातृ तथा नवशिशु सेवा

### २.१२.१ मातृ शिशु स्वास्थ्य क्लिनिक (MCH Clinic)

जिल्ला अस्पताल सङ्खुवासभाले आफ्नो स्थापना देखि नै निरन्तर रुपमा मातृशिशु स्वास्थ्य (MCH) सेवा दिदै आईरहेको छ । नेपाल सरकारको नियम परिधिभित्र बसेर निःशुल्क रुपमा सम्पूर्ण सेवाहरु तालिम प्राप्त स्वास्थ्य कर्मीहरुबाट मातृशिशु स्वास्थ्य सेवा प्रदान भईरहेको छ ।

MCH Clinic ले प्रत्यक्ष रुपमा आमा र शिशुको स्वास्थ्य प्रवर्धन र बचाउको कार्य गर्दै पारिवारिक बनोट निर्धारण गर्ने कार्यमा दम्पत्तीहरुलाई सही परामर्श तथा सेवा प्रदान गर्दछ । अझ भन्ने हो भने आमा र बच्चाको स्वास्थ्य प्रवर्धन गर्ने, रोग प्रतिरोधात्मक, उपचारात्मक सेवा दिने र आवश्यकता अनुसार पुनर्स्थापनात्मक सेवाहरु दिने कार्य गरिरहेको छ ।

उदेश्यहरुः

- दम्पत्तीहरुलाई गर्भ योजना बनाउन परामर्श, जाँच तथा सेवा दिने, गर्भवती महिलाको समग्र शारीरिक, मानसिक स्वास्थ्यको प्रवर्धन गरी स्वस्थ्य आमा र बच्चाको सुनिश्चतता गर्ने ।
- बालबालिकाको वृद्धि अनुगमन, खोप सेवा तथा पोषण सेवा मार्फत सही वृद्धि विकास, कुपोषण रोकथाम तथा रोग प्रतिरोधात्मक क्षमता वृद्धि गर्ने ।
- उचित जन्मान्तर, गर्भान्तर तथा परिवारको संख्याको लागि आवश्यकता अनुसार परामर्श तथा परिवार नियोजनका साधन सम्बन्धी सेवा दिने ।
- विभिन्न रोगहरु स्तन तथा पाठेघरको क्यान्सर, आङ खस्ने तथा पिसाव चुहिने जस्ता प्रजनन रुग्णताको जाँच तथा उपचारात्मक तथा रोकथाम सेवा दिने ।
- सुरक्षित गर्भपतन सेवा दिने तथा महिलाको प्रजनन अधिकार सम्बन्धी हक सुरक्षित गर्ने ।
- विभिन्न जाति, धर्म र पहुँचको आधारमा भेदभाव नगरी उनीहरुको धार्मिक तथा सामाजिक मूल्य मान्यतालाई समेट्दै प्रत्येक सेवाग्राहीलाई सम्मानजनक सेवा प्रदान गर्ने ।

- स्वस्थ्य आमा र बच्चा मार्फत समग्र परिवार, समुदाय र देशको स्वास्थ्य स्थितिमा सुधार गरी स्वस्थ र समृद्ध राष्ट्रको निर्माणमा योगदान पुर्याउने ।

**MCH Clinic ले दिने सेवाहरुः**

- गर्भवती जाँच सेवा ।
- जिल्लाभित्र वा बाहिरका तथा प्रेषण भएर आएका गर्भवती महिलाहरुलाई विभिन्न शाखा तथा स्वास्थ्य कर्मीसँग समन्वय गरेर जाँच परामर्शको तथा उपचारात्मक सेवा प्रदान भईरहेको छ ।
- परिवार नियोजन सेवा ।
- विभिन्न अस्थायी परिवार नियोजन तथा स्थायी बन्ध्याकरणको सेवा प्रदान भईरहेको छ ।
- राष्ट्रिय खोप तालिका अनुसार खोप सेवा प्रदान भईरहेको छ ।
- बालबालिकाको वृद्धि अनुगमन गर्ने र पोषण सेवा अन्तर्गत बालभिटा दिने कार्य भईरहेको छ ।
- सुरक्षित गर्भपतन सेवा अन्तर्गत १२ हप्तासम्को गर्भपतन सूचिकृत स्वास्थ्यकर्मीबाट प्रदान भईरहेको छ ।
- आङ खस्ने समस्या पहिचान, रोकथाम अन्तर्गत Kegel’s exercise, रिङ पेसरी लगाउने, प्रेषण गर्ने सेवा दिईरहेको छ ।
- पिसाब चुहिने समस्याको पहिचान, रोकथाम तथा उपर्युक्त संस्थामा प्रेषण गर्ने कार्य भईरहेको छ ।
- पाठेघर मुखको क्यान्सर स्क्रिनिङ्ग (VIA, LBC) Thermocoagulation सेवा तथा प्रेषण सेवा दिईन्छ ।
- स्तन क्यान्सर स्क्रिनिङ्ग सेवा दिईन्छ ।

**उपलब्धीः**

- निशुल्क गर्भवती, परिवार नियोजन, खोप तथा वृद्धि अनुगमन प्रजनन रुग्णता स्क्रिनिङ्ग सेवा निरन्तर गरिएको ।
- प्रजनन रुग्णता सम्बन्धी तालिमको लागि Clinical Site को रुपमा विकास गरिएको ।
- गर्भवती महिलाहरुलाई विश्व स्वास्थ्य संगठन तथा नेपाल सरकारको नियमानुसार आठ पटक गर्भ जाँच शुरु गरिएको ।
- Short acting reversible contraceptive (Depo-Provera, Pills) को तुलनामा Long-acting reversible contraceptive (IUCD Implant) को प्रयोगकर्ता बढी भएको ।
- गर्भवती आमाहरुको Data Online रेकर्डिङ शुरु गरिएको ।

**चुनौतीः**

- भौतिक पूर्वधारको अभावमा मापदण्ड अनुसारको भौतिक संरचना नभएको , जसका कारणले बस्ने पर्याप्त सेवा दिने ठाँउको अभाव ।
- गोपनियतामा कठिनाई, शौचालयको सहजताको अभाव ।
- अस्पतालको प्राङ्गणभन्दा बाहिर भएकोले MCH खोज्न कठिनाई ।

**MCH मा कार्यरत कर्मचारीहरु**

श्री सुप्रभा श्रेष्ठ, अस्पताल नर्सिङ निरीक्षक

श्री राधिका वस्नेत कोईराला, सिनीयर अ.न.मी

श्री प्रतिमा कार्की, स्टाफ नर्स

श्री लक्ष्मी राई, कार्यालय सहयोगी





**Chart no. 29: Different Family Planning Methods used by New Users**

## २.१२.२ Safe Motherhood Program

### २.१२.२.१ Pattern of total deliveries of Last 3 Fiscal Years





Chart no. 30: Institutional Delivery Status

### २.१२.२.२ % of types of deliveries of last three Fiscal Years





**Chart no. 31: Delivery Types**





**Chart no. 32: Types of Deliveres**

### २.१२.२.३ Pattern of Maternal Death of last three Fiscal Years





**Chart no. 33: Maternal Death**

### २.१२.२.३ Pattern of Neonatal Death of last three Fiscal Years





**Chart no. 34: Neonatal Death**

### २.१२.२.४ Pattern of Still Births Deaths of last Three Fiscal Years





**Chart no. 35: Still Births Deaths**

### २.१२.२.४ Pattern of CAC and PAC Service





**Chart no. 36:. CAC and PAC Service**

### २.१२.२.५ गर्भवती जाँच (ANC) को तीन आ व को तुलना





**Chart no. 37: गर्भवती जाँच (ANC) को तीन आ.ब को तुलना**

### २.१२.२.६ ANC and Transportation Incentive





Chart no. 38: ANC and Trasport Incentive

### २.१२.२.७ Obstetric Complications FY 2079_80

**Table: 5**

| Obstetric Complications | ICD 11 | No of Cases |
|---|---|---|
| Prolonged labour | JB03 | 100 |
| Obstructed Labor | JB06 | 42 |
| Postpartum haemorrhage | JA43 | 27 |
| Retained placenta | JA43.0 | 15 |
| Abortion complication | JA05 | 15 |
| Pueperal sepsis | JB40.0 | 3 |
| Eclampsia | JA25 | 3 |
| Pre-eclampsia | JA24 | 2 |
| Other complications | JB0Y | 1 |
| Hyperemesis grivadarum | JA60.0 | 1 |

| Obstetric Complications | ICD 11 | No of Cases |
|---|---|---|
| C-Section Wound Infection | JB40.1 | 1 |
| Antepartum haemorrhage | JA41 | 1 |
| Ruptured uterus | JB0A.1 | 0 |
| Ectopic pregnancy | JA01 | 0 |
| Gestational Hypertension | JA23 | 0 |

## २.१३ एकद्धार संकट व्यवस्थापन केन्द्र

**एकद्वार संकट व्यवस्थापन केन्द्र भनेको के हो ?**

महिला तथा बालबालिकाहरु विभिन्न प्रकारका लैंगिंक हिंसाबाट प्रभावित हुने गरेका र यसबाट उनीहरुमा शारीरिक, यौनजन्य तथा मनोवैज्ञानिक असर पर्ने गरेको छ । यस्ता समस्याहरुको प्रभावकारी सम्बोधनका लागि नेपाल सरकारले स्वास्थ्य मन्त्रालय अन्तर्गत जिल्लास्थित अस्पतालहरुमा एकद्वार संकट व्यवस्थापन केन्द्र (OCMC) स्थापना गरी हिंसा प्रभावित बालिका किशोरी तथा महिलाहरुका लागि विभिन्न सेवाहरु प्रदान गर्दै आएको छ । हिंसामा परेका व्यक्तिहरुलाई एकद्वार प्रणालीबाट न्याय प्रदान गर्ने उदेश्यले एकद्वार संकट व्यवस्थापन केन्द्रको स्थापना गरिएको हो ।

एकद्वार संकट व्यवस्थापन केन्द्रद्वारा प्रदान गरिने सेवाहरूको विवरण

**स्वास्थ्यसम्बन्धी सेवाहरु:**

- हिंसा पीडित वा प्रभावितको स्वास्थ्यसम्बन्धी विवरण, संकलन, परीक्षण, उपचार अभिलेखिकरण गर्ने ।
- शारीरिक चोट पटकको उपचार तथा चिकित्साजन्य जाँच गर्ने, कानुनी प्रमाणका लागि विधि विज्ञान (Forensic Examination) तथा चिकित्सासम्बन्धी कानूनी (Medico Legal) परीक्षण गर्ने/गराउने ।
- कानुनी परीक्षण तथा आकस्मिक गर्भ निरोधक सेवा उपलब्ध गराउने
- यौनजन्य संक्रमणको उपचार गर्ने ।

- एच.आई.भि जाँच तथा परामर्श सेवा उपलब्ध गराउने, मानसिक स्वास्थ्य उपचार तथा मनोसामाजिक परामर्श सेवा प्रदान गर्ने ।
- हेपाटाइटिस बि बाट बचावट गर्ने ।
- सुरक्षित गर्भपतन सेवा प्रदान गर्ने ।
- लैगिंक हिंसा पीडित वा प्रभावितहरुको पहिचान तथा उपचारका लागि तयार गरिएको क्लिनिकल प्रोटोकल अनुसार सेवा उपलब्ध गराउने ।
- आवश्यकता अनुसारको प्रेषण तथा अन्य सेवा उपलब्ध गराउने ।

**मनोसामाजिक परामर्श सेवा**

- लैंगिक हिंसा पीडित वा प्रभावितलाई मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउने, आवश्यकताका आधारमा पीडकलाई समेत मनोसामाजिक विमर्श/परामर्श सेवा उपलब्ध गराउने,

**सुरक्षा**

- लैगिंक हिंसाबाट पीडित वा प्रभावित महिला तथा बालबालिकाहरुका लागि पूर्ण सुरक्षाको प्रत्याभूति दिनका लागि जिल्ला प्रहरी कार्यालयले आवश्यक सुरक्षाको व्यवस्था मिलाउने। एकद्वार संकट व्यवस्थापन केन्द्र, सेवा केन्द्र, पुनर्स्थापना केन्द्र र समुदायमा समेत लैङ्गिक हिंसाबाट प्रभावितहरुको सुरक्षा प्रदान गर्ने एवम् उनीहरुसँग सम्बन्धित सूचनाहरुको गोपनियता कायम गर्नुपर्नेछ।

**सेवा केन्द्र (सुरक्षित आवास)**

- हिंसा पीडित वा प्रभावित महिला तथा बालबालिकाहरुका लागि सामुदायिक सेवा केन्द्र तथा सुरक्षित आवासमा बस्ने सेवाका लागि सम्प्रेषण गर्ने प्रभावितले आवश्यकता अनुसारको सेवा उक्त सामुदायिक सेवा केन्द्र तथा सुरक्षित आवासबाट प्राप्त गर्न सक्दछन्।

**कानुनी परामर्श र उपचार**

- आवश्यकता अनुसार जिल्ला न्यायधिवक्ता तथा कानूनी सहायता केन्द्र कानुनी परामर्शदाताको सहयोगबाट लैंगिक हिंसा पीडित वा प्रभावितका लागि कानुनी उपचारका लागि आवश्यक सेवा प्रदान गर्ने।

## २.१४ शल्यक्रिया सेवा (Operation Services)

Operation Services includes:

1. Caesarean Section
2. Orthopedic Operations
3. General Surgeries





**Chart no. 39: Major Surgeries**

## २.१५ फिजियोथेरापी सेवा

Physiotherapy is a treatment method that focuses on the science of movement and help to restore, maintain and maximize individual physical strength, function and overall well being. Physiotherapists work to address a broad range of physical problems associated with different systems of our body

such as musculoskeletal (soft tissues, bones, joints), Neuromuscular (brain and nervous system), cardiovascular and respiratory system.

Realizing the importance and need of physiotherapy, District Hospital Sankhuwasabha had recently started the service of physiotherapy. Wide range of patients related to musculoskeletal, neuromuscular and cardiorespiratory are now treated. Many more patients from the Sankhuwasabha and Bhojpur are now benefited from this service.

Physiotherapy unit in this Hospital is well equipped with various equipments. Currently, we have IFT machine, TENS machine, ultrasound machine, muscle stimulator, treadmill, static cycle, traction machine, quadriceps table, moist back unit, shoulder wheel, wall ladder, pulley set, dumbbells, resistance band, balance board, parallel bar (with staircase) etc to treat the patient with different physical problems.

As a physiotherapist of this Hospital, it falls under my sector to deliver quality service to everyone. OPD service is provided to the patient from 10 AM to 5 PM. Inpatient physiotherapy service is also being done for needed patients. Proper counselling about the disease condition and importance of physiotherapy in such disease are being done to the patient and family member.

Along with the Karuna foundation, we've been able to deliver physiotherapy service to disabled children. Free physiotherapy service is also provided to elderly patients and patients with low financial status.





**Table: 6**

| महिना अनुसार आ.व. २०७९-८० मा Physiotherapy सेवा लिर्ने बिरामी | | | |
|---|---|---|---|
| *Month* | Female | Male | Grand Total |
| Jestha | 59 | 56 | 115 |
| Chaitra | 30 | 32 | 62 |
| Baishakha | 26 | 31 | 57 |
| Shrawan | 30 | 24 | 54 |
| Bhadra | 20 | 20 | 40 |
| Phagun | 18 | 18 | 36 |
| Mansir | 18 | 16 | 34 |
| Asar | 19 | 11 | 30 |
| Asoj | 12 | 17 | 29 |
| Magha | 14 | 10 | 24 |
| Push | 9 | 10 | 19 |
| Kartik | 6 | 6 | 12 |
| Grand Total | 261 | 251 | 512 |





**Chart no. 40: Physiotherapy Service According to Age Group**





**Chart no. 41: Percentage of Physiotherap Visits According to Local Level**

## २.१६ मेडिकल रेकर्ड तथा तथ्यांक शाखा

A medical record is the chronological documentation of medical treatment and other health care delivered to a patient by professional members of the health care team. It is an accurate, prompt recording of the team’s observations about the patient, the patient’s medical progress, and the results of treatment. It is a means of communication among health professionals, a legal document, and a tool for medical research and training. It is also the primary means of evaluating the quality and appropriateness of medical care rendered, as well as a source document for statistical use in research, planning, and budgeting. Finally, it is the original-source document for financial activity involving patient care.

### USE OF MEDICAL RECORDS

- To document the course of patient's illness & treatment.
- Communicate between attending doctors and other health Care professional providing care to the patient.
- Collection of health Statistics.
- Legal Matters & Court Cases.
- Insurance Cases.

### FUNCTIONS OF MEDICAL RECORD DEPARTMENT

- Retrieval of medical records for patient care and other authorized use.
- Completion of medical records after an inpatient has been discharged or died.
- Coding diseases and operations of patients discharged or having died

- Reporting to different disease surveillance system like EWARS, VPD
- Reporting to Integrated Health Information Management Section (IHIMS) in every month.
- Evaluation of the Medical Record Service.
- Completion of monthly and annual statistics.
- Medico-legal issues relating to the release of patient information and other legal matters.

## जिल्ला अस्पताल संखुवासभामा मेडिकल रेकर्ड

नेपाल सरकारको नीति अनुरुप विभिन्न स्वास्थ्यका सूचकहरुको लक्ष्य पूरा गर्न सेवा प्रदायक संस्थाहरुमा HMIS Tools हरुको प्रयोग गरिदै आएको छ ।विगत वर्षहरुमा रजिष्टरमा आधारित रेकर्डिङ प्रणाली रहेकोमा हाल Electronic Medical Recording (EMR) System लागु गर्ने नेपाल सरकारको रणनीति रहेको छ।

यस अस्पतालमा कोशी प्रदेश सरकारको सहयोगमा आ.व. २०७८/७९ बाट EMR system जडान गरी कार्यान्वयन ल्याईएको छ। हाल प्रयोगमा आएको सफ्टवेयरले सबै विभागमा प्रयोग भएतापनि सबै विभागमा पूर्ण रुपमा कार्यान्वयन भने भएको छैन।

## हाल प्रयोग भईरहेको EMR को विशेषताहरु

- सबै विभागहरुमा प्रयोग गर्न सकिने।
- Online बाट ल्याब (Lab) रिपोर्ट हेर्न सकिने।
- बिरामी रजिष्ट्रेसन देखि डिस्चार्जसम्मका सम्पुर्ण विवरणहरु रेकर्डिङ गर्न सकिने।
- स्वास्थ्य बिमा र SSU लाई सफ्टवेयरमा एकिकृत गरि स्वास्थ्य बीमालाई API बाट स्वास्थ्य बीमा बोर्डको IMIS software सँग आवद्धता गरिएको।
- HIMS Report Generate गर्न सकिने।

- फार्मेसी स्टोरलागि उपयोगी ।
- टेलिमेडिसिन सेवा प्रयोग गर्न सकिने ।

**EMR को आवश्यकता**

Electronic Medical Recording (EMR) को आवश्यकता र महत्वलाई विभिन्न तरिकाले व्याख्या गर्न सकिन्छ।

- EMR प्रणाली प्रयोग गर्दा चिकित्सक र स्वास्थ्यकर्मीले बिरामीको विवरण बारम्बार धेरै रजिष्टरमा भरिरहनु नपर्ने र एकैपटक बिरामीको सबै रिपोर्ट र विवरण हेर्न सकिने ।
- बिरामीले आफ्नो विवरण online मा जुनसुकै समयमा हेर्न सक्ने।
- कानुनी तथा मेडिको लिगलका केशहरुमा सहयोग हुने।
- अस्पताल व्यवस्थापनलाई नीति, रणनीति निर्माण गर्न महत्वपूर्ण भूमिका रहने।
- Morbidity र Mortality कम गर्न सहयोग गर्ने ।
- तथ्याङ्क विश्लेषण गर्न सहयोग गर्ने ।

## २.१७ लेखा शाखा

**समिति तर्फको आ.व. २०७९/८० को आय व्यय**

**Table: 6**

| यस बर्षको जम्मा आम्दानी | | | यस बर्षको जम्मा खर्च | | |
|---|---|---|---|---|---|
| सि.नं. | विवरण | रकम रु | सि.नं. | विवरण | रकम रु |
| 1 | अल्या | 7103579.55 | 1 | तलब समिति करार कर्मचारी | 17105584.00 |
| 2 | ओ.पी.डी शुल्क | 247260.00 | 2 | तलब NSI | 7836725.00 |
| 3 | एक्स–रे | 2891745.00 | 3 | अन्य भत्ता | 10676440.00 |
| 4 | ल्याब | 11541419.00 | 4 | धारा (जार)तथा विजुली | 10000.00 |
| 5 | ड्रेसिङ | 66125.00 | 5 | संचार महशुल | 50000.00 |
| 6 | ईमर्जेन्सी | 305200.00 | 6 | कार्यालय सम्बन्धी खर्च | |

| यस बर्षको जम्मा आम्दानी | | | यस बर्षको जम्मा खर्च | | |
|---|---|---|---|---|---|
| सि.नं. | विवरण | रकम रु | सि.नं. | विवरण | रकम रु |
| 7 | इको सेवा | 183150.00 | 7 | स्टेशनरी तथा छपाई तथा अन्य | 1881065.00 |
| 8 | प्रहरी | 9600.00 | 8 | ल्याब सामग्री | 9742004.00 |
| 9 | यु.एस.जी | 1318300.00 | 9 | सर्जिकल सामग्री | 8505804.00 |
| 10 | सर्जरी | 3687045.00 | 10 | डेन्टल | 185000.00 |
| 11 | बेड चार्ज | 1604372.00 | 11 | एक्स-रे | 1085974.00 |
| 12 | ई.सी.जी | 399900.00 | 12 | इन्धन | 1430713.00 |
| 13 | फार्मेसी | 12173810.00 | 13 | संचालन तथा मर्मत संभार | 1084643.00 |
| 14 | एम्बुलेन्स | 931561.00 | 14 | इन्धन अन्य प्रयोजन | 138636.00 |
| 16 | डेन्टल | 791725.00 | 15 | घर भाडा | 2649868.00 |
| 17 | विविध | 4556019.45 | 16 | औषधी खरिद | 16407086.00 |
| 18 | ओ.जे.टी | 102000.00 | 17 | विविध खर्च | 297642.00 |
| 19 | ल्क्क्ष् | 7836725.00 | 18 | फर्निचर एण्ड फिक्चर्स | 547709.00 |
| 20 | आमासुरक्षा | 5375210.00 | 19 | अनुगमन तथा मुल्याकन खर्च | 0.00 |
| 21 | स्वास्थ्य बीमा | 22467312.00 | 20 | मेसीनरी औजार खर्च | 2810567.00 |
| 22 | घर भाडा | 169200.00 | 21 | मेसीनरी औजार खर्च | 0.00 |
| 23 | अन्य सस्थाबाट | 3300000.00 | 22 | करार कर्मचारी पोशाक | 390000.00 |
| | कुल आय रु | 87061258.00 | 23 | अन्या भाडा | 274500.0 |
| | | | 24 | कर्मचारी बिमा | 284200 |
| | | | | **कुल व्यय रु** | **83394160.00** |
| | | | | **बचत रु** | **3667098.00** |
| | **जम्मा** | **87061258.00** | | | **87061258.00** |

| वजेटको स्रोत | बिनियोजित बजेट | वित्तीय प्रगति | |
|---|---|---|---|
| | | खर्च रकम | प्रतिशत |
| प्रदेश सरकार (पुजीगत) | 9300000.00 | 6639314.00 | 71.39% |
| संघ ससर्त (पुजीगत) | 4407000.00 | 4407000.00 | 100% |
| पुजीगत जम्मा | 13707000.00 | 11046314.00 | 80.69% |
| चालु खर्च जम्मा | 11499000.00 | 90546242.00 | 81.21% |
| कुल जम्मा | 125206000.00 | 101592556.00 | 81.14% |

## २.१८ सामाजिक सेवा इकाई र स्वास्थ्य बिमा

नेपालको संविधान २०७२ को धारा ३५ मा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुनेछ र आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन भनी स्वास्थ्य सेवालाई नेपाली नागरिकको मौलिक हक अन्तरगत राखिएको छ।

लक्षित समूहका बिरामीहरूको स्वास्थ्य सेवामा समतामूलक महत्व आंशिक तथा पूर्ण छुटमा विशेषज्ञ सेवा उपलब्ध गराउने र लक्षित समूहको स्वास्थ्यमा सुधार गराई गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच पुर्याउने लक्ष्य सहित सामाजिक सेवा इकाईको स्थापना २०७८/७९ मा यस अस्पतालमा भएको हो।




सामाजिक सेवा एकाई निर्देशिका २०७८ अनुसार विभिन्न वर्गका सेवाग्राहीहरुलाई विशिष्टिकृत सेवा पूर्ण तथा आंशिक छुटमा निरन्तर रुपमा २४/७ दिन नै पवित्रा अधिकारी, हेम किरण श्रेष्ठ, निर्मला मगर ३ जना सहजकर्ता सहित सेवा दिँदै आइरहेको छ।

सेवालाई सहज गर्न छुट्टै सामाजिक सेवा एकाईको Block तयार गरी विभिन्न जिल्लाहरूको सेवाग्राहीहरुलाई सेवा दिँदै आइरहेको छ।

**चुनौतीहरू**

- विनियोजित बजेटमा कमी:- सामाजिक सेवा एकाई अन्तर्गत तीनवटा कार्यक्रमहरु संचालनमा रहेको (एकद्वार संकट व्यवस्थापन केन्द्र , सामाजिक सेवा एकाई र जेष्ठ नागरिक स्वास्थ्य सेवा) र तीन वटै कार्यक्रमको लागि छुट्टाछुट्टै बजेट विनियोजन भएकोले एकै बास्केटमा नआएकोले सेवा प्रवाह गर्न बजेटको अभाव ।
- सेवाग्राहीको सङ्ख्यामा हरेक वर्ष वृद्धि भइरहेको तर विनियोजित रकम नबढ्ने कारणले सेवा प्रवाहमा चुनौती ।

**पहलहरु:-**

- सामाजिक सेवा इकाईको छुटे Block बनाई सेवा प्रवाहमा सहजीकरण ।
- अस्पताल व्यवस्थापन समितिबाट 5 लाख रकमको उपलब्ध गराइएको ।
- मनकामना मन्दिर सन्यास आश्रममा एक दिने स्वास्थ्य पर्छन् कार्यक्रम संचालन तथा औषधी वितरण गरिएको ।
- आउँदो आर्थिक वर्षको लागि समेत सामाजिक सेवा एकाइमा थप बजेट विनियोजनको लागि नर्सिङ तथा सुरक्षा महाशाखा टेकु अनुरोध गरिएको ।
- विभिन्न १० पालिकाहरु मा आर्थिक वर्ष 2080/081 को लागि केहि रकम जिल्ला अस्पतालको सामाजिक सेवा एकाईको लागि विनियोजन गर्न जिल्ला सम्वन्य समिति मार्फत अनुरोध गरिएको।

**Table: 7**

**आ व २०७९-८० विभिन्न शिर्षकमा पाएको छुट रकमको विवरण**

| सेवा लिएको बिरामीको संख्या | औषधी | परिक्षण | अप्रेसन | अन्य | जम्मा रकम |
|---|---|---|---|---|---|
| 2,737 | 10,52,199 | 12,16,068 | 1,27,710 | 2,29,805 | 26,25,782 |

**बजेटको स्रोत र खर्च**

| | |
|---|---|
| संघ तथा प्रदेशबाट प्राप्त रकम | रु 30,00,000 |
| बिरामीलाई छुट दिएको रकम | रु 26,25,782 |
| सहजकर्ताको तलब (३ जना) | रु 10,84,560 |
| जम्मा खर्च | रु 37,10,342 |
| समितिले कोषबाट अपुग रकम | रु 7,10,342 |





**Chart no. 42: आ व 2079-80 SSU बाट सेवा पाएका तोकिएका लक्षित समूहका बिरामीको संख्या**

## स्वास्थ्य बीमा (Health Insurance)

Health Insurance Board is responsible for purchasing the quality health care service and make available at the possible nearest point of its member. The program is aimed to raise contribution from the healthy people and spend the same for needy people the fund raised shall be spending on basic health care package and there supplementary service in a wise manner to cater the need HIB shall promote Pre-payment and Risk pooling mechanisms through national health security Programme to mobilize financial resources for health in an equitable manner.





**Chart no.: 43 Trend of Patients of Heath Insuracne of last 3 FY**

## २.१९ BMET सेवा

Healthcare technology offers many benefits and has greatly enhanced the ability of health professionals to prevent, diagnose and treat diseases. Timely access to emergency care and use of diagnostic and therapeutic tools reduces patient mortality. Yet, WHO estimates that around 50% of medical equipments in developing countries is not functioning, not used correctly & optimally and perpetually not maintained. Various factors; lack of training on operating medical devices, less sense of accountability, power interruption, work overload, lack sense of maintenance expertise and inappropriate referral system influence the availability & utilization of medical devices.

The Biomedical Department is responsible for technical issues regarding the maintenance of medical equipment; it deals with the repairs, installation, demonstration to clinical staff, comparative statements regarding the selection of new medical devices in Hospitals.

District Hospital Sankhuwasabha which was established in 2033 B.S does not have a long history in Biomedical Department. The Biomedical Department was established in Poush 2075 B.S with the technical and human support of Nick Simons Institute (NSI). Since then, Biomedical Equipment Technicians (BMET) have been deployed to provide service in hospitals continuously.

**Workdone by Department**

- Inventory of medical equipments.

- Quick response to breakdown call & maintenance of medical equipments (including the equipments of surrounding HP).
- Planned preventative maintenance.
- Facilitate & support the delivery of quality healthcare by ensuring the functioning of medical equipments.
- Guidance & technical assistance to technical and clinical staffs on medical equipments.
- Technical support in purchasing new medical equipments.
- Inspection of new installed equipments in Hospital as per specifications.
- Involvement in the installation of new medical equipments.

**Challenges**

- Unavailability of electronics components and spare parts of equipments.
- Lack of exposure & training on equipments.
- Late response from the suppliers & service company for service.
- Lack of Calibrating Equipments.

Biomedical Department plays an important role to provide quality and effective service in Hospital. Exposure, training, availability of spare parts, etc. motivates biomedical professionals to perform their best and will be no compromise in delivering quality service in Hospital.

## २.२० ART तथा DOTS सेवा

### ए.आर.टी सेन्टरको  इतिहास

जिल्ला अस्पताल संखुवासभामा २०७१ सालमा ए.आर.टी सेन्टरको स्थापना भएको हो। हाल २०८० साल सम्ममा ए.आर.टी सेन्टरको स्थापना भएको १० वर्ष पुगेको छ। सुरु भएको यस अस्पतालमा अन्य अस्पतालबाट जस्तै BPKIHS, Koshi, Teku, Bir Hospital हरुबाट ए.आर.टी सेन्टरबाट औषधी खाइरहेका एच.आई.भी. संक्रमित विरामीहरुलाई यस अस्पताल नजिक पर्ने भएकाले एच.आई.भी. संक्रमितहरु ट्रान्सफर इन भई सेवाग्राहीको संख्यामा वृद्धि भएको देखिन्छ। यस अस्पतालमा पनि एच.आई.भी. को परिक्षण हुने भएको हुनाले नयाँ विरामीहरु तथा पुरानो बिरामीहरुको संख्या बढ्दै गएको र संखुवासभामा मात्र नभई भोजपुर जिल्लाको पनि अधिकांस बिरामीहरु अस्पतालको ए.आर.टी सेन्टर बाट सेवा लिनु हुन्छ। हाल सम्म भोजपुर जिल्लामा ए.आर.टी. सेन्टरको स्थापना नभएकोले गर्दा २/३ दिन सम्म पनि हिडेर औषधि लिन यस अस्पतालको ए.आर.टी. मा सेवा लिन आउनमा अरुण प्लस भन्ने एउटा गैर सरकारी संस्थाको पनि महत्वपुर्ण भूमिका छ।

### ए.आर.टी. सेन्टरका सेवाहरु

- एच.आई.भी. परिक्षण र परामर्श सेवा ।
- पी.एच.सी. सेवा ।
- हप्तामा ६ दिन एच.आई.भी. औषधी उपलब्ध र वितरण ।
- भाइरल; लोड को स्याम्पल कलेक्सन सेवा ।
- स्वाथ्य बिमाको सेवाबाट स्वास्थ्य चेकअप सेवा, प्रत्येक ६/६ महिनामा र आवश्यकता अनुसार २४ सै घण्टा सेवा ।
- अन्य परामर्श सेवाहरु जस्तै: HIV, STI, PMTCT आदि सेवा ।
- EID स्याम्पल कलेक्सन सेवा ।
- HCV चेक जांच सेवा एच.आई.भी. सेवाग्राहीहरुलाई हालसम्म ।

हालसम्म यस अस्पतालमा ए.आर.टी.मा जम्मा दर्ता भएका सेवाग्राहीहरु ५२ जना रहेका छन् र जसमध्ये महिला २२ जना छन् भने पुरुष ३० जना रहेका छन्। जसमध्ये महिला ५जना transfer out (स्थान्तरण भएका ) छन् भने पुरुष २ जना transfer out (स्थान्तरण भएका ) छन् भने मृत्यु हुनेको संख्या २ जना पुरुष हुनुहुन्छ भने loss to follow up हुनेको संख्या १ जना महिला रहेको छ। हाल १४ वर्ष मुनिका बालबालिकाहरुमा १ जना पुरुष हुनुहुन्छ। हाल यस अस्पताल ए.आर.टी. सेन्टर बाट सेवा लिने सेवाग्राहीहरुको संख्या ४० जना रहेको छ र उहाँहरुको हालसम्म स्वास्थ्यमा समस्या नआएको कुरा बताउनु हुन्छ। उहाहरुको स्वास्थ्यमा समस्या परेको बखतमा अस्पताल व्यवस्थापन समितिले निशुल्क स्वास्थ्य चेक जाँच गर्दै आइरहेको छ र हाल नेपाल सरकारबाट एच.आई.भी. संक्रमित लाई निशुल्क स्वास्थ्य बिमा गरिदिने प्रावधान भएकोले ए.आर.टी. सेन्टर र अरुण प्लस संस्था मिलेर स्वास्थ्य बीमा गराई दिईसकेका छौ। हाल नेपाल सरकारले स्वास्थ्य बीमा गराइदिएकोले एच.आई.भी. बिरामीहरुलाई बीमा बाट निशुल्क उपचार गर्ने भएकाले बिरामीको उपचारमा ठुलो राहत मिलेको छ। यस अस्पतालमा ए.आर. टी. सेवा लिईराख्नु भएको सेवा ग्राही हरुको (biometric) हातको औलाको फिंगर प्रिन्ट लिने प्रावधान छ । हाल सम्म PMTCT सेवा बाट डेलिभरी गराइएको सेवाग्राही बालबालिकालाई एच.आई.भी. हालसम्म नदेखिएको DNA, PCR पनि गराईएको र antibody check (determine) बाट पनि हाल सम्म एच.आइ.भी. negative नै भएको कुरा अवगत छ।

**मिति २०७१ साल बाट हाल सम्म सेवा लिने सेवाग्राहीहरू:**

आ.व २०७१/०७२ : ०

आ.व २०७२/०७३ :२४

आ.व २०७३/०७४ :२८

आ.व २०७४/०७५ :३४

आ.व २०७५/०७६ :४३

आ.व २०७६/०७७ :४७

आ.व २०७७/०७८ :४९

आ.व २०७८/०७९ :५२

आ.व २०७८/०७९ :४५

**क्षयरोग उपचार केन्द्र (डट्स क्लिनिक)**

यस जिल्ला अस्पताल सङ्खुवासभामा २०५६ साल देखि क्षयरोग उपचार केन्द्रको सुरुवात भएको हो। क्षयरोग केन्द्रको स्थापना भएपछि क्षयरोग सम्बन्धि विभिन्न किसिमको परिक्षण तथा उपचार रोकथामका सेवा सुविधाहरु यहाँका बिरामीहरुले पाएको पाइन्छ। यस अस्पतालमा DOTS सेवा सुरु हुनुभन्दा पहिला BNMT भन्ने गैर सरकारी संस्थाले यो क्षयरोग कार्यक्रम चलाउदै आएको थियो र जब नेपाल सरकारले DOTS सेवा विस्तार गर्ने भेनेर स्वास्थ्य मन्त्रालयबाट पत्राचार भएपछि DOTS सेवा सुरु भयो र हाल सम्म निरन्तर DOTS सेवा चलिरहेको छ र साथ साथै सब डि.आर सेन्टर पनि भएको छ DOTS मात्र नभएर डी.आर क्षयरोगको पनि यस अस्पताल बाट सेवा उपलब्ध भईरहेको छ, यस अस्पतालमा सेवा लिन संखुवासभा मात्र नभई भोजपुरको अधिकांस बिरामीहरुलाई समेत सेवा पुर्याउदै आएको छ। DOTS सेवाले गर्दा संखुवासभा र भोजपुरका बिरामीहरुलाई स्वास्थ्य जनजीवन मा समेत सहज भएको छ ।

**क्षयरोग उपचार केन्द्रका सेवाहरु**

- नियमित DOTS सेवा.
- उपचारमा रहेका उपचारत बिरामीको HIV परिक्षण सेवा ।
- DOTS सेवा लिई रहेकाहरुको खकार परिक्षण तथा निदान सेवा ।
- क्षयरोग उपचार लिई रहेकाहरुलाई परामर्श तथा चेकजाँच सेवा ।

**आर्थिक वर्ष २०७९/०८० मा दर्ता भएका बिरामीहरु**

**Table: 8**

| Case Registration | New | | Re-treatment | |
|---|---|---|---|---|
| | Male | Female | Male | Female |
| Pulmonary (BC) | ३ | २ | 0 | 0 |
| Pulmonary (CD) | १ | १ | 0 | 0 |
| Extra pulmonary | १ | ५ | 0 | 0 |

आर्थिक वर्ष २०७९/०८० मा हाम्रो यस जिल्ला अस्पताल संखुवासभाको DOTS Clinic मा सेवा लिने जम्मा संख्या १३ जना क्षयरोगका बिरामी दर्ता भएका छन्। जस मध्ये ८ जना महिला र ५ जना पुरुष रहेका छन्।

## २.२१ मेडिको लिगल सेवा

- **पोष्टमार्टम सेवा**
- शारिरिक परिक्षण सेवा
- घाउँ जाँच सेवा
- मनोपरामर्श सेवा





**Chart no.44: Pattern of Postmortems Done in the Hospital**

## २.२२ अन्य सेवाहरु

- एम्बुलेन्स सेवा
- चमेना गृह
- अक्सिजन प्लान्ट
- सुत्केरी प्रतिक्षा गृह
- निरोगिताको सिफारिस सेवा

परिच्छेदः३

# ग्यालेरी




विश्व फर्मिसष्ट दिवस मनाइदै



एम.एस.एस. कार्यक्रम




डा. अस्था श्रेष्ठको फेरी भेटौला कार्यक्रम





डा. मिलन पराजुलीको फेरी भेटौला कार्यक्रम



**डा. अस्था श्रेष्ठको फेरी भेटौला कार्यक्रम**






**लेखा शाखा**



प्रयोगशाला फाँटमा कार्यरत स्वास्थ्यकर्मीहरु




**काउण्टरमा कार्यरत कर्मचारीहरु**




**अस्पतालका कार्यालय सहयोगीहरु**



**Caesarean Section मार्फत प्रसुती**





अस्पतालको प्रतिक्षालय क्षेत्र



\


**New Building under Construction**




इमरजेन्सी प्रवेशद्वार



प्रसुती कक्ष



फार्मेसी सेवा




फार्मेसी शाखामा कार्यरत स्वास्थ्यकर्मीहरु




**विश्व फार्मेसी दिवस २०२३ को कार्यक्रममा पाल्नुभएका अतिथि ज्यूहरु**



**HDU Service**



**ICU Service**



**Hospital Sanitation**




**Registration Counter**

# लेख रचना

## अस्पताल के हो ?



**अर्जुन तामाङ्ग**
फार्मेसी सहायक

जब जिन्दगीको अन्तिम श्वास रहे सम्म जिउने आश बाँची रहन्छ,
त्यहाँ आफू र आफ्नाको प्रवाह हुदैन,
जहाँ स्वास्थ्यकर्मी अहोरात्र सेवामा तल्लीन छन्
अनि दोश्रो भगवान रुपि डाक्टरको बास हुन्छ तब "मन्दिर" हो अस्पताल ।

जब प्राकृतिक विपत्ति, माहामारी तथा सामाजिक समस्याहरु आँउछ,
समग्र समाज, राष्ट्र र विश्व नै आक्रान्त हुन्छ,
अनि संसारका स्वास्थ्यकर्मी र बौद्धिक संयंत्रहरु एकजुट भई
यसलाई जित्ने बाटो खोज्ने गरिन्छ त्यतिबेला "रण-भूमि" हो अस्पताल ।

जब शैक्षिक र बैज्ञानिक पद्धतिको अस्तित्व ठाँउ पाउछ,
अनि स्वच्छ र स्वास्थ्य गाउँ, समाज र राष्ट्रको परिकल्पना हुन्छ,
जसरी सैयौं जनसमुदायको कैंयौ स्वास्थ्य समस्याहरुको पहिचान गरी
त्यसको निदानको पाटो रोज्ने गरिन्छ तब "खोज केन्द्र" हो अस्पताल ।

जुन ठाउँमा बिमारीलाई बिरामीले जित्छ, अनि सफल शल्यक्रिया पश्चात् रोगलाई पनि,
जसै प्रसूती कक्षमा नयाँ सन्तानको आगमन हुन्छ,
त्यो शिशुको पहिलो चिच्यावटले आमाको कान, मन र मस्तिष्कमा छुन्छ,
परिवार र आफन्त सम्म जुन खुशियाली छाँउछ तब "उत्सवको तिहार" हो अस्पताल ।

# अस्पतालको सेवा शुरूदेखि वर्तमानसम्म



घनश्याम बुढाथोकी

सुनसान डार्करूम, जिरो वाटको बत्ती ढोका बन्द,
लडे मरे चुकुल बन्द, दुःख के हुन्छ त्यो भन्दा ।

सोलुसनमा एक्सरे बन्ने, हुदैन साथीहरु हई भन्ने,
अदृश्य रेडिएसनको जोखिम व्यहोर्दै काम गरे खुशी मान्दै |

सि. आर. कम्प्युटर सिस्टम आयो, धेरै सहज भयो,
डि.आर. सिस्टम आयो मनमा खुशी छायो ।

मनचित्त लगाउँदै यहाँ सेवा गर्छु,
बाँचे उपहार पाउला, मरे यहि मर्छु ।

धेरै धन आर्जन गरेपनि मानिसको चोला जानै पर्छ,
जन्म मरण सहज होस् भने हाम्रो अस्पताल राम्रो बन्नै पर्छ ।

दान गरौं पूण्य गरौं गरी सेवा अस्पताललाई
जानु छ एकदिन छोडी यो संसारलाई ।

जन्म यहि मरण यहि हुन्छ अस्पतालमा,
यहि अस्पतालको सेवा गरी बसौं भन्छ यो मन त ।

## सेवामा समर्पित अस्पताल खाँदबारी



घनश्याम बढाथोकी

रात दिन २४ सै घण्टा जिल्लाभरका जनताको सेवामा
मेरो जीवनका २६ बसन्त बिताए बिरामीको सेवामा
जिल्ला अस्पताल सङ्खुवासभाको रेडियोलोजी विभागमा ।

हाम्रो लागि बिरामीको सेवा नै भगवानको सेवा हो
मानव जातिले मानवलाई गर्ने सेवा नै ठूलो धर्म हो ।

स्वास्थ्यकर्मीका अनेकौं जटिल दुःखलाई थाती राख्दै
बिरामीको जीवन बचाउन हरदिन, हरसम्भव लागेर,
कर्मठ, साहसी र कर्तव्यपरायणको भूमिका पस्कदैं
व्यक्ति, समुदाय र परिवारको ओठमा मुस्कान छरेर,
केर्छन आत्मसन्तुष्टिको स्वास, निरोगीको खुशी देखेर ।

को आफन्त, को पराई, को व्यापारी, को सरकारी
भेदभाव नगरी खट्छन सम्पुर्ण अस्पताल कर्मचारी
निष्ठा र आदर्शको उदाहरण हो अस्पताल खाँदबारी ।

सेवा हो यो, जीवनको उच्च समर्पणको कथा
जनसमुदायको प्रशंसा, जीवनको जीतको गाथा ।
मुरी मुरी धन्यवाद, आभार, अमित गर्व छु सदैव
स्वास्थ्यको सेवामा, अस्पताल परिवार निरन्तर प्रतिबद्ध ।

परिच्छेदः ५

# विविध

## ५.१ Name of Hospital chief up to present

Table: 9

| SN | Name | From (Date) | To |
|---|---|---|---|
| 1 | Dr. Prabhu Prasad Joshi | From 2033 to 2046 Baisakha | |
| 2 | Dr.Krishna Prasad Parajuli | | |
| 3 | Dr.Narendra Singh | | |
| 4 | Dr.Bal Krisha Adhikari | | |
| 5 | Dr.Bal Kumar KC | | |
| 6 | Dr.Krishna Nanda Thakur | | |
| 7 | Dr.Oma Narayan Ghimire | | |
| 8 | Dr.Shyam Sundar Mishra | | |
| 9 | Dr.Harihar Wasti | | |
| 10 | Dr.Yam Bahadur Shrestha | | |
| 11 | Dr.Amber Bahadur Pradhan | 2046 Jestha | 2047 chaitra |
| 12 | Dr.Bhumi Bhakta Upreti | 2048 Baisakha | 2050 Asar |
| 13 | Dr.Kedar Prasad Century | 2050 Asar | 2052 Poush |
| 14 | Mohan Prasad Dahal | 2052 Poush | 2054 Shrawan |
| 15 | Dr.Gupta Bahadur Shrestha | 2054 Shrawan | 2054 Magha |
| 16 | Dr.Mohan Prasad Dahal | 2054 Falgun | 2058 Asar |
| 17 | Dr.Dayasankar Lal Karn | 2058 Shrawan | 2063/03/10 |
| 18 | Dr.Sushil Nath Pyakuryal | 2063/03/11 | 2064/03/32 |
| 19 | Dr.Rudra Prasad Marasini | 2064/05/01 | 2065/11/03 |
| 20 | Dr.Chuman Lal Das | 2065/11/04 | 2067/02/09 |
| 21 | Dr.Bishnu Bahadur Basnet | 2067/02/10 | 2070/07/06 |

| SN | Name | From (Date) | To |
|---|---|---|---|
| 22 | Dr.Madan Upadhyay | 2070/07/07 | 20072/06/17 |
| 23 | Sagar Prasai | 2072/06/18 | 2073/08/19 |
| 24 | Dr.Binit Kumar Jha | 2073/08/20 | 2074/12/04 |
| 25 | Dr.Laxman Khadka | 2074/12/05 | 2076/08/11 |
| 26 | Dr Sundar Shyam Jha | 2076/08/12 | 2078/09/05 |
| 27 | Dr Pankaj Gupta | 2078/10/14 | 2079/05/05 |
| 28 | Nirmika Rai | 2079/05/20 | 2079/11/28 |
| 29 | Dr. Pranam Jayaru | 2079/11/28 | |

### ५.२ आ.व. २०७९/८० गरेका प्रमुख कार्यहरु

- विशेषज्ञ सेवा बिस्तार (3 General Surgeon)
- General surgery (GOT)
- प्रयोगशाला सेवा बिस्तार (Gene X-pert machine)
- सामाजिक सेवा ईकाई को छुट्टै कक्ष निर्माण
- २४ घण्टा नै बिलिङ्ग तथा रजिष्ट्रेसन काउन्टर सञ्चालन
- ई-टेण्डर प्रक्रियाबाट पहिलो पटक औषधी खरिद
- डेन्टल सेवाको निरन्तरताको लागि डेन्टल सर्जनको नियुक्ती
- हेल्प डेस्कको निर्माण तथा सन्चालन
- Monthly MPDSR Meeting and Review
- Training site को निर्माण (VIA/VIA service) RuUSG
- अक्सिजन प्लान्टको मर्मत, पाइपलाइनको जडान/Booster machine मर्मत र पुर्ण सन्चालन
- ई-हाजिरिलाई राष्ट्रिय सुचना प्रणालिमा आबद्ध
- Drug and therapeutic committee गठन
- फार्मेसी फर्मुलरिको मस्यौदा तयार
- अस्पताल फार्मेसी/ फ्रि मेडिसिन/ बीमा औषधीको व्यवस्थापन

- २०७८/०७९ को प्रदेश स्तरिय बार्षिक समिक्षा गोष्ठीमा प्रथम स्थान हुन सफल
- न्यूनतम सेवा मापदण्ड (MSS) २०७९/०८० मा ५९ % बाट ७९% र दोस्रो पटक ७९% बाट ८१% ल्याउन सफल
- फोहोरमैला व्यवस्थापनको लागि कमिटि गठन र अभिमुखिकरण तालिम
- नि:शुल्क रुपमा Website को निर्माण र सञ्चालन
- बिरामीले आफ्ना सम्पूर्ण विवरण र रिपोर्ट हेर्न तथा प्रिन्ट गर्ने मिल्ने Online Patient Portal को व्यवस्था
- प्रयोगशालाको लागि बायोसेफ्टी क्याबिनेट खरिद

## ५.३ Way Forward

- प्रसुति तथा स्त्री रोग बिशेषज्ञ चिकित्सक थप गर्ने ।
- सि.टि. स्क्यान मेसिन खरिद गर्ने ।
- अस्पतालको लागि बासिङ्ग मेसिन जडान तथा सञ्चालन गर्ने ।
- Dialysis सेवा विस्तार गर्नका लागि आवश्यक उपकरण र सामग्री, स्थान र Manpower को व्यवस्थापन गर्ने।
- CT Scan Machine खरिद गर्ने ।
- Mortuary Machine जडान गर्ने।
- Waste Mangement को Autoclave Machine जडान गर्ने।

## ५.४ Issues and Challenges

- Infrastructure (old, insufficient)
- Waste management
- Patient Transportation
- Lack of Human resource

## ५.५ Emergency Readiness

- Formation of RRT hospital team.
- Available of necessary medicines, trolley, Wheel chair
- Regular Drill
- Coordination with stakeholders
- Free service for Emergency like RTA, Disaster, earthquake etc.